म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १४ अंक ३२५ आइतबार, २२ असार २०८२ ने. सं. ११४५ दिल्लाथ्व 6 July 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## खोलाले बगाउँदा एकजना पर्यटकको मृत्यु

हेटौंडा, २१ असार/मकवानपुरको भीमफेदी गाउँपालिका-१ टौवासमा खोलाले बगाउँदा एकजना पर्यटकको मृत्यु भएको छ । शनिबार दिउँसो वनभोज खाई रमाइलो गरिरहेको अवस्थामा खोलामा नुहाउने क्रममा खोलाले बगाउँदा वीरगञ्ज महानगरपालिका-५ बस्ने वर्ष ४५ को पुरुषोत्तम शर्माको मृत्यु भएको हो । वीरगञ्जबाट गाडी रिर्जभ गरी आएका करिब ५ जनाको समूह टौवासमा वनभोज खाई रमाइलो गरिरहेको अवस्थामा खोलामा नुहाई खोला तर्ने क्रममा पानीको बहाव बढ्न गई करिब चारसय मिटर तलसम्म बगाउँदा शर्माको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता डिएसपी श्यामु अर्यालले जानकारी दिए । घटनास्थल सुरक्षित राखी थप अनुसन्धान तथा मुचुल्का कार्यको लागि जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट प्रहरीनिरीक्षक विश्वम्भरनाथ साहको कमाण्डमा टोली खटिएको प्रवक्ता अर्यालले जनाए ।

### बागमती प्रदेशसभामा बजेटको पूरक प्रस्ताव दर्ता

# पुरक प्रस्तावमा एक हजार पाँच सयभन्दा बढी योजना समावेश

साझाकुरा संवाददाता

हेटौंडा, २१ असार/ बागमती प्रदेशको आगामी आर्थिक वर्ष ०८२/८३ को बजेटमाथि देखिएको विवाद समाधानतर्फ अघि बढ्दै गर्दा सरकारले बजेटको पूरक प्रस्ताव दर्ता गरेको छ ।

शनिबार साँझ मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमार्फत पूरक प्रस्ताव प्रदेशसभा सचिवालयमा दर्ता गरिएको हो । बजेट निर्माणका क्रममा छुटेका योजना र कार्यक्रम समेटेर तयार पारिएको पूरक प्रस्तावमा एक हजार पाँच सयभन्दा बढी योजना समावेश गरिएको सचिवालयले जनाएको छ । यद्यपि, प्रस्तावमा छुट्टै बजेटको रकम भने उल्लेख छैन । सभामुख भुवनकुमार पाठकले पूरक प्रस्ताव दर्ता भएको पुष्टि गर्दै अब संसद् बैठक अगाडि बढ्ने जानकारी दिए ।

मुख्यमन्त्री बहादुरसिंह लामा तामाङको सचिवालयका अनुसार पूरक प्रस्तावमा अर्थ विविधको बजेट, दोहोरिएका कार्यक्रम, चालूतर्फको अनुदान, एनजिओमार्फत् वितरण गरिएका कार्यक्रम र अनधिकृतरुपमा समावेश गरिएका योजना कटौती गरेर कार्यान्वयन अघि बढाउने तयारी गरिएको छ । केही दिनदेखि पटकपटक स्थगित हुँदै आएको प्रदेशसभा बैठक सञ्चालनमा आएको छ । शनिबार दिउँसो १ बजेका लागि बोलाइएको बैठक समयमै नबसी ३ बजेका लागि सारिएको थियो । त्यसपछि ५ बजेसम्मको सूचना टाँसी स्थगित गरिएको बैठक फेरि ६:३० बजेका लागि बोलाइएको थियो ।




बैठकमा पुरक प्रस्ताव आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेको तर्फबाट आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले प्रस्तुत गरेका थिए । आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई आर्थिक मामिलामन्त्री काफ्लेले प्रस्तुत गरेका थिए । बजेटमाथिको मन्त्रालयगत छलफल असार २२ गते आइतबार बिहान ११ बजे बस्ने बैठकमा छलफल हुनेछ ।


प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ को लागि ६७ अर्ब ४७ करोड ७३ लाख २७ हजारको बजेट प्रस्तुत गरेको थियो । आगामी आर्थिक वर्षका लागि चालुतर्फ २६ अर्ब ४ करोड ४६ लाख रुपैयाँ (३८.६ प्रतिशत) र पूँजीगततर्फ ४१ अर्ब ४३ करोड २६ लाख रुपैयाँ (६१.४ प्रतिशत) बजेट विनियोजन गरिएको छ । प्रदेश सरकारले बजेट कार्यक्रमको खर्च व्यहोर्ने स्रोततर्फ कर राजस्वबाट २८ अर्ब ७८ करोड ८२ लाख रुपैयाँ, अन्य ६ अर्ब ७९ करोड ४ लाख रुपैयाँ अनुमान गरिएको छ । संघीय सरकारबाट प्राप्त वित्तीय हस्तान्तरणबाट ४१ अर्ब ८१ करोड ९३ लाख रुपैयाँ, सञ्चित कोष विविध प्राप्ति १६ अर्ब ९८ करोड ९४ लाख रुपैयाँ खर्च व्यहोर्ने स्रोत अनुमान गरिएको छ ।

बजेट विनियोजन र सरकारको संरचनागत सुधारका लागि संकल्प प्रस्ताव पनि दर्ता गरिएको छ । बजेटसम्बन्धी विवाद उत्कर्षमा पुगेकाबखत सत्तारुढ दलका सांसदहरुले बजेट प्रणाली, सरकारी संरचना र प्रशासनिक व्यवस्थापनमा सुधारको माग सहित संकल्प प्रस्ताव प्रदेशसभा सचिवालयमा दर्ता गरेका हुन् ।

नेपाली कांग्रेस र नेकपा एमालेका २/२ जना सांसदले दर्ता गरेको प्रस्तावले सरकारको बजेट निर्माण प्रक्रिया, मन्त्रालयको संख्या, आयोग तथा बोर्डहरुको औचित्य, प्रशासनिक संरचना तथा योजना तर्जुमा प्रक्रिया सुधारका लागि संकल्प प्रस्ताव दर्ता गराएका हुन् ।

उनीहरुले प्रदेशको हालको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै सुधारको माग गरेका हुन् । कांग्रेसबाट प्रभात तामाङ र रमेशकुमार महत तथा एमालेबाट केशवप्रसाद पोखरेल र मधुसूदन पौडेलले संकल्प प्रस्ताव दर्ता गरेका हुन् ।

## गढी-५ मा वडा कार्यालयबाटै सामाजिक सुरक्षा भत्ता वितरण हुने




साझाकुरा संवाददाता

हेटौंडा, २१ असार/ मकवानपुरको मकवानपुरगढी गाउँपालिका वडा नं. ५ मा जेष्ठ तथा अशक्त नागरिकलाई वडा कार्यालयबाटै सामाजिक सुरक्षा भत्ता रकम वितरण हुने भएको छ ।

गाउँपालिकाले मक्रान्चुली केन्द्रमा रहेको नबिल बैंकसम्म आफ्नो पालिकाभित्र बसोबास गर्ने सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीलाई समस्या भएपछि वडास्तरबाट २०८० माघ ४ गतेदेखि सेवा सुरु गरेको थियो । पालिकाले हालसम्म वडाबाट नै सामाजिक सुरक्षा भत्ता वितरण गर्ने काम वडा नम्बर १,२,६,७,८, मा गरी जम्मा ५ वटा वडाबाट वितरण गरिसकेको गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानले जानकारी दिएका छन् ।

यसअघि सामाजिक सुरक्षा भत्ता लिनका लागि मकवानपुरगढीका नागरिक तीनचार घण्टा पैदल हिँडेर गाउँपालिका नजिक रहेको नबिल बैंकमा जानुपर्ने बाध्यता हटेको मकवानपुरगढी गाउपालिका-५ का वडाअध्यक्ष दिपेश दाहालले बताए । आर्थिक बर्ष २०८२/८३ को नीति तथा कार्यक्रमामा नै सबै वडाबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्ने लक्ष्य अनुसार आर्थिक वर्ष २०८१/८२ को चौथो किस्तादेखि सामाजिक सुरक्षा भत्ता रकम वडा कार्यालयबाटै वितरण गर्नको लागि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको औंठाछाप बैकिंङ् प्रणालीमा प्रविस्ट गर्ने काम सम्पन्न भएको वडाअध्यक्ष दाहालले बताए ।

मकवानपुरगढीका ८ वटा वडामध्ये ४ नं. वडा कार्यालयबाट सामाजिक सुरक्षा भत्ता वितरणको काम बाँकी रहेकोले यही साउन २ गते र ३ गते लाभग्राहीको औंठाछाप बैकिंङ् प्रणालीमा प्रविष्ट गर्ने काम हुने र योसँगै मकवानपुरगढी गाउँपालिकामा सबै वडाबाट सामाजिक सुरक्षा भत्ता रकम वितरण कार्यले पूर्णता पाउने गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत सुधन लामिछानेले बताएका छन् ।




साझाकुरा

## हाम्रो कुरा

# सरकारको बजेटमा तीव्र आलोचना

बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि सार्वजनिक गरेको बजेटमा कडा आलोचना भएको छ । बजेट जनताका लागि भन्दा पनि बिचौलियमैत्री भएको सत्तारुढ सांसदहरुको आरोप छ । बजेट सदनमा पेश भएको २० दिनपछि छलफल सुरु हुनु भनेको आफैंमा कमजोरी हो । असार १ गते प्रदेशसभामा पेश भएको बजेटमाथि विपक्षी दल र सत्तापक्षकै असन्तोषका कारण छलफल हुन सकेको थिएन । आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेले असार १ गते प्रदेशसभामा बजेट पेश गरेकोमा त्यसयता बजेटमाथिको छलफलका लागि पटकपटक प्रदेशसभाको बैठक बोलाइए पनि बैठक बस्न सकेन । बजेटप्रति प्रदेशसभा सदस्यले तीव्र असन्तुष्टि जनाएका छन् । सांसद्हरुले बजेट असन्तुलित, टुक्रे आयोजना केन्द्रित र पक्षपातपूर्ण रहेको आरोप लगाउँदै सरकारको आलोचना गरेका हुन् । उनीहरुले बागमती सरकारको बजेटप्रति व्यापक असहमति जनाएका थिए । मुख्यमन्त्री र अर्थमन्त्री तथा पहुँचका आधारमा आफ्नै निर्वाचनक्षेत्रलाई प्राथमिकता दिएको आरोप सत्तापक्षका सांसद्हरुबाटै उठेका छन् ।

यो प्रवृत्तिले समग्र प्रदेशको सन्तुलित विकासलाई असर पुऱ्याउने चेतावनी उनीहरुको छ । सत्तापक्ष र प्रतिपक्ष सांसद्हरुले बजेटको संरचना, कार्यान्वयन सम्भाव्यता र प्राथमिकतामाथि प्रश्न उठाउँदै सरकारलाई पुन:विचार गर्न आग्रह गरेका छन् । विकासको नाममा रकम वितरण केन्द्रमा परिणत भएको भन्दै उनीहरुले सरकारप्रति आक्रोश पोखेका थिए । बजेटप्रति असन्तुष्टि जनाउँदै सरकारको नेतृत्वकर्ता दल नेपाली कांग्रेसका सांसद् प्रभात तामाङले प्रदेश सरकारको नाम 'रकम वितरण केन्द्र' राख्न सुझाव दिए । उनले प्रभावकारी बजेट बनाउन नसकिने प्रदेश सरकार नभएको भन्दै सरकारको नाम रकम वितरण केन्द्र राख्न सुझाव दिए । योभ नाइ आफैंमा लाजमर्दो छ । यस्तो किसिमको बजेट बनाउने हो भने यो प्रदेश सरकार बिचौलियामैत्री मात्र हुने हो । गन्तव्यमा पुग्न नसकिने बजेट ल्याएको भन्दै सांसदहरुले सरकारलाई जिम्मेवार हुन आग्रह गरेका छन् । यो अवस्था सम्भव नभए बजेट कार्यान्वयनमा संकट पर्नेछ । सरकारले प्रभावकारी, दीर्घकालीन र गेम चेन्जिङ गौरवको कार्यक्रम समेट्न सकेको छैन । बजेटलाई प्रदेश सरकारको कार्यशैली, सोच र क्षमताको दर्पणको संज्ञा दिइएको छ । अहिलेको जस्तो हावादारी बजेट विगतमा आएको थिएन । यसले मन्त्रीको कार्यक्षमताप्रति नै शंका गर्ने ठाउँ बनेको छ । बजेटमा पार्टीगत स्वार्थ र पहुँचको भरमा गरिएको विनियोजनले सरकारको चरित्र उजागर गरेको छ । प्रदेश सरकारको बजेट हालसम्मकै कमजोर, असन्तुलित र भेदभावयुक्त रहेको छ ।

बजेटमा दीर्घकालीन सोचको अभाव छ । सरकार बजेट बाँड्ने काममा मात्र सक्रियता देखाएको छ त्यो पनि बिचौलियालाई । स्रोत व्यवस्थापन र दीर्घकालीन रणनीतिमा सरकार उदासीन रहेको छ । बहुवर्षे आयोजनालाई आवश्यक बजेट दिइएको छैन तर, बिचौलियाले भने सहजै बजेटमा पहुँच पुऱ्याएका छन् । बजेट ल्याउन मन्त्रीहरुको योग्यता पुगेको देखिएन । प्रदेशलाई शिक्षा, स्वास्थ्यको हब बनाउने सम्भावना भएपनि बजेटले त्यसलाई सम्बोधन गर्न सकेको छैन । बजेटमा मन्त्रीहरुले आफू १३ वटै जिल्लाको मन्त्री हुँ भन्ने भावनालाई प्रतिनिधित्व गर्न सकेको देखिएन । बजेटलाई अधिकतम सन्तुलित बनाउने काम भएको छैन । बजेट जसले बनायो उसलाई मात्र राम्रो लागेको अवस्था छ । सरकारको आगामी नीति कार्यक्रमसँग आधारित रहेर बजेट निर्माण गर्नुपर्ने थियो तर, हचुवाको भरमा बनाएको छ । गण्डकी प्रदेशका जिल्लामा बजेट बिनियोजन गर्ने, हेटौंडा नगरमा हुँदै नभएको वडामा बजेट बिनियोजन गर्ने जस्ता त्रुटी सामान्य हुन् । बजेटले सहकार्य र साझेदारीमार्फत् लगानी गरी उत्पादन बढाउन जोड दिएको भनेर ससरकारी अधिकारीहरुले जवाफ दिएका छन् तर, बजेट जमैत्री भने पटक्कै छैन ।

# कांग्रेसलाई ओलीबाट जोगाऊ



✍ शिव लम्साल

जतिबेला माओवादी अध्यक्ष प्रचण्डले सत्तामा हालिमुहाली गरिरहेका थिए, त्यतिबेला कांग्रेस वरिष्ठ नेता डा. शेखर कोइरालाले भनेका थिए- मुलुकमा राजनीतिक स्थिरता कायम गर्ने हो भने कांग्रेस र एमाले मिलेर सरकार बनाउनुपर्छ । शेखरले यसो भनिरहँदा माओवादीले मात्रै होइन, कांग्रेस र एमालेकै नेताहरुले पनि पत्याएनन्, गम्भीर रुपमा लिएनन् । किनभने संसदका दुई ठूला दल कांग्रेस र एमालेबीच सत्ता समीकरण हुन्छ र सरकार बन्न सक्छ भन्ने कल्पना उनीहरुले गरेकै थिएनन् । तर, २०८१ असार १७ मा कांग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष केपी शर्मा ओलीबीच सात बुँदे सहमति हुँदा पहिले कल्पनासमेत गर्न नसक्ने नेताहरु जिल्ल परे । त्यतिबेला डा. शेखरको सहज जवाफ थियो, यो पहिले नै हुनुपर्थ्यो, ढिलो भयो ।

अहिले कांग्रेस-एमाले सत्ता सहयात्राको एक वर्ष भएको छ । के देउवा र ओलीबीच भएको सात बुँदे सहमतिको अक्षरस कार्यान्वयन भयो ? यति ठूला दुई दल मिलेर सरकार बन्दा मुलुकले के पायो ? एक वर्षअघि र अहिले पात्रो फेरिनु बाहेक के फेरियो? दुई तिहाइ बहुमतको शक्तिशाली सरकारले डेलिभरी के दियो ? समग्रमा देशले के पायो, जनताले के पाए ? अहिले सर्वत्र यिनै प्रश्न छन् । यस्ता प्रश्नको जवाफ न ओली नेतृत्वको सरकारले दिएको छ न कांग्रेस नेतृत्वले नै । त्यसो भए अब के गर्ने त ? पहिले कांग्रेस र एमाले मिलेर सरकार बनाउनुपर्छ भन्ने डा. शेखरले सरकारको काम र डेलिभरीलाई एक वर्षसम्म नियालेपछि अहिले नयाँ अवधारणा सार्वजनिक गरेका छन् र त्यो हो- सरकारको नेतृत्व कांग्रेसले लिनुपर्छ ।

### डा. शेखरले भनेको के हो ?

हरेक दुई दुई महिनामा बस्नुपर्ने कांग्रेस केन्द्रीय समितिको बैठक अनेकन छलछाम र तिकडमपछि अहिले बसिरहेको छ र बैठकको सुरुमै नेता कोइरालाले सरकार र पार्टी नेतृत्वप्रति केही गम्भीर प्रश्न उठाएका छन् । पार्टीको आन्तरिक जीवन र संगठनका बारेमा उनले उठाएका प्रश्नहरुका बारेमा छुट्टै चर्चा गरौंला । यहाँ उनले उठाएको एउटा प्रश्न- एमालेसँग सत्ता सहयात्रा गर्दा लाभहानि के भयो ? भन्नेमा मुख्य चर्चा गरौं । जसले यी दुई दल मिलेर सरकार बन्नुपर्छ र मुलुकमा राजनीतिक स्थिरता कायम हुनुपर्छ भनेर सार्वजनिक लबिइङ गर्यो, उसैले यसको हिसाब किताब खोज्नुपर्ने अवस्था कसरी आयो ? भन्ने नै मुख्य विषय हो । केन्द्रीय समितिको बैठकमा मात्रै होइन, केही दिनअघि भक्तपुरमा आयोजित एक कार्यक्रममा पनि वरिष्ठ नेता डा. शेखर कोइरालाले 'कांग्रेसले अब सत्ताको नेतृत्व लिनुपर्ने बेला आएको' बताएका थिए । किन ? उनको तर्क थियो- 'देश अफठ्यारो परिस्थितिमा गयो, अराजकता बढ्यो, प्रतिगामीहरु सल्बलाउन थाले, व्यवस्थामाथि नै प्रश्न उठ्न थाल्यो, जनता र पार्टी कार्यकर्तामा निराशा बढ्न थाल्यो अनि सरकार रमिते मात्रै भयो ।'

हो, डा. शेखरले भनेझैं कांग्रेसको बलियो साथ पाएको एमाले अध्यक्ष ओली नेतृत्वको सरकारले जनतामा आशा जगाउन सकेन । एक वर्षअघिको कुरा छाडौं, एक महिनाअघि सरकारले ल्याएको बजेटले समेत आशा जगाएन । सुशासनमा सरकार निरन्तर चुकिरह्यो । सरकार कांग्रेस र एमालेले चलाइरहेका छन् वा बिचौलियाले ? जनताले यसको पनि भेउ पाउन छाडेका छन् । सिंहदरबारदेखि बालुवाटारसम्म अनि बालकोटदेखि बुढानीलकण्ठसम्म जे जस्ता व्यक्ति र स्वार्थ समूहको बोलवाला बढ्दै गएको छ, त्यसले पनि सरकारमाथि मात्रै होइन, यी दुवै पार्टीमाथि प्रश्नहरु थपिँदै गएको छ । के यस्तै आलोचना, स्वार्थ समूहको यस्तै दबदबा र बिचौलियाको प्रभाव बढाउनका लागि यो गठबन्धन बनेको हो त ? पक्कै होइन । यदि होइन भने त सरकारको कार्यशैली फेरिनुपर्छ, डेलिभरी सिस्टममा सुधार आउनुपर्छ अनि नियत सफा पारिनुपर्छ । के यो गर्न अहिलेको नेतृत्व सक्षम छ त ? एक वर्षमा जे अनुभव गरियो, सरकारको कार्यशैली जस्तो देखियो, त्यसलाई हेर्दा वर्तमान सरकारको नेतृत्व उपयुक्त देखिएन र यो नेतृत्वबाट सम्भावना र आशा गर्ने ठाउँ पनि देखिएन । त्यसैले डा. शेखरले 'सरकारको नेतृत्व फेरिनुपर्छ र कांग्रेसले सम्हाल्नुपर्छ' भनेका हुन् । यसमा अन्य कुनै तर्क र आरोपप्रत्यारोप गर्नुपर्ने कुरै छैन ।

### यस्तो अवस्था किन आयो ?

कांग्रेस र एमालेबीच भएको सात बुँदे सहमतिमा भनिएको छ- सुरुका दुई वर्ष एमाले अध्यक्ष केपी शर्मा ओलीले सरकारको नेतृत्व गर्ने र त्यसपछिको डेढ वर्ष कांग्रेस सभापति शेरबहादुर देउवाले सरकारको नेतृत्व गर्ने । यो सहमतिअनुसार ओलीले अझै एक वर्ष सरकारको नेतृत्व गर्ने छन् र देउवा २०८३ असारमा मात्रै प्रधानमन्त्री बन्ने छन् । देउवा एक वर्षपछि प्रधानमन्त्री बन्ने लोभमा बसिरहेका छन्, ओलीले पनि सहमतिअनुसार देउवालाई सत्ता हस्तान्तरण गर्ने बचन दिइरहेका छन् । देउवालाई आशावादी बनाइरहन हरेक सार्वजनिक समारोहमा ओलीले सत्ता हस्तान्तरणको कुरा गरिरहन्छन् । देउवा त्यसैमा मख्ख छन् ।

ओली र देउवा अहिले सबैभन्दा घनिष्ठ छन् । दुई फरक पार्टीका नेताहरुबीच यति घनिष्ठ सम्बन्ध भएको सम्भवत: पहिलो उदाहरण हुनसक्छ । माओवादीबाट पालैपालो धोका खाएका यी नेताहरुको सम्बन्ध सत्ताले मात्रै जोड्यो वा अन्य लेनदेनले पनि भन्ने विषय त विस्तारै खुल्दै जाला । राजनीतिक वृत्तमा केही चर्चा भइरहेका छन्, विपक्षमा रहेका दलका नेताहरुले पनि केही विषय उठाइरहेका छन् । हो, होइन उनीहरु नै जानून् । तर, एउटा सत्य के हो भने यी दुवै नेता सत्तालाई अति प्रिय ठान्छन् र सधैं शक्तिमा रहन चाहन्छन् । अर्को चुनावसम्म सत्ता र शक्ति दुवै हातमा राख्ने उनीहरुको चालबाची हो भन्ने कुरा कसैले छिपाउन सक्दैन ।

सहमतिअनुसार ओलीको नेतृत्वमा सरकार बन्यो, एउटा बुँदा कार्यान्वयन भइहाल्यो । ओलीले अब एक वर्षपछि देउवालाई सत्ता हस्तान्तरण गर्छु पनि भनिरहेका छन्, त्यो पनि कार्यान्वयन होला । तर, अन्य पाँच बुँदा कता हराए ? आम जनताले प्रश्न उठाएको त्यसैमा हो, शेखरले भनेको पनि त्यही हो । राजनीतिक स्थिरताका लागि दुई दलको सरकार भनिएको थियो, तर सरकार आफैंले लगेको अध्यादेश, विधेयक र बजेटसमेत पारित गर्न नसक्ने अवस्थामा पुग्यो । तल्लो सदनको संख्याले सरकार त बन्यो, तर, माथिल्लो सदनको संख्याले शक्तिशाली सरकारको जग हल्लिरहेको छ । के यही हो त राजनीतिक स्थिरता ? राजनीतिक स्थिरतका लागि संविधान संशोधन गर्ने भनियो ? एक वर्षसम्म संविधान संशोधनका विषयमा के प्रगति भयो ? शेखरले सोधेको प्रश्न पनि यही हो । संविधान गतिशील दस्तावेज हो । समयअनुसार संशोधन गर्दै जानुपर्छ । तर कसरी ? के के संशोधन ? अहिलेसम्म न कांग्रेस बोलेको छ न एमाले । प्रधानमन्त्री ओलीले त २०८७ सालमा मात्रै संविधान संशोधन हुन्छ भनेर आफ्नै सहमतिको धज्जी उडाइदिएका छन् । जवाफमा कांग्रेसको नेतृत्व केही भन्दैन । ओलीकै साक्षी बनिरहन्छ ।

सरकारको नेतृत्व फेरिनुपर्छ, मन्त्रीहरु फेरिनुपर्छ भनेर आवाज त्यसै उठेको होइन । प्रधानमन्त्री र मन्त्रीहरुकै व्यवहार, बोली र शैलीका कारण हो । प्रधानमन्त्री उडन्ते गफ दिन्छन्, मन्त्रीहरु मन्त्री भइहालियो भन्छन् । सरकारले गर्नुपर्ने काम केही गर्दैन, नगर्नुपर्ने काम बाँकी नै राख्दैन गरिहाल्छ। सरकारमा रहेका एक दुई जनाबाहेक अधिकांश मन्त्रीहरुको कार्यप्रगति सन्तोषजनक छैन । एमालेका मन्त्रीहरुले के गरिरहेका छन् भन्ने छाडौं, कांग्रेसकै मन्त्रीहरुले के गरेका छन् भन्ने हेरौं न । कांग्रेसको नेतृत्व गर्दै सरकारमा सहभागी उपप्रधानमन्त्री प्रकाशमान सिंहको क्षमता गत असोजमा गएको बाढी पहिरोकै बेला उदांगियो । त्यही बाढी पहिरोले गृहमन्त्री रमेश लेखकको पनि राम्रैसँग लेखाजोखा गरिदियो । अहिले उपप्रधानमन्त्री सिंह बजेटका विषयमा संसदमा आलोचित छन्, गृहमन्त्री भिजिट भिसा प्रकरणमा फसेका छन् । स्वास्थ्यमन्त्री प्रदीप पौडेल अलिअलि चर्चामा रहे पनि कांग्रेसबाट अरु मन्त्री छन् छैनन्, कसैलाई पत्तो छैन ।

मन्त्रिपरिषदमा कांग्रेसका मन्त्रीहरुको प्रभावकारी भूमिका देखिएन । संसदको ठूलो दल कांग्रेसका सांसदहरुको भूमिका संसदमा त देखिनुपर्ने हो नि, त्यहाँ पनि कांग्रेसका सांसदहरु सुनिँदैनन्, देखिँदैनन् । एक सयभन्दा बढी कानुन बनाउनुपर्ने छ, त्यसको नेतृत्व कांग्रेसले लिनुपर्ने थियो । तर, खै त ? उल्टै विवादमा फस्छन् । निजामति विधेयकमा कांग्रेसकै सांसद तथा राज्य व्यवस्था समितिका सभापति रामहरि खतिवडा अहिले चर्को आलोचना र विवादमा फसेका छन् । उनले व्यक्तिगत रुपमा आफू निर्दोष रहेको दाबी त गरिरहेका छन्, तर उनले नै पेस गरेको प्रतिवेदनमा भएको त्रुटिका कारण उनलाई अहिले नै चोखो मान्न सकिँदैन । कांग्रेसकै मुख्य सचेतक श्याम घिमिरे विद्यालय शिक्षा विधेयकलाई लिएर विवादमा तानिएका छन् । यतिसम्म कि घिमिरेकै कारण विधेयक रोकियो, समितिको बैठक बस्न सकेन भनेर प्रचारबाजी भइरहँदा उनले वास्तविकता यो हो भनेर भन्न सकेका छैनन् । के कांग्रेसका मन्त्रीहरु र सांसदहरुको भूमिका यस्तै अपेक्षित छ ?

### सरकार नै घेराबन्दीमा

अहिले सरकारलाई न सदनमा सहज अवस्था छ न सडकमा । संसदको चौथो दल रास्वपा र पाँचौं दल राप्रपाले निरन्तर सदन बहिष्कार गरिरहेका छन् । केही दिनयता राजावादीहरु सुस्ताए पनि उनीहरु अर्को आन्दोलनको तयारीमा देखिन्छन् । तीनकुनेदेखि नक्सालसम्म आइपुग्दा राप्रपा, राप्रपा नेपाल, नवराज सुवेदी, दुर्गा प्रसाईंहरुले जुन बितण्डा मच्चाए, त्यसैले उनीहरुलाई नोक्सानी पुर्याए पनि उनीहरु आफ्नो उद्देश्बाट पछि हटेका छैनन् । लघुवित्त र सहकारी पीडितहरुले दिनदिनैजसो प्रदर्शन गरिरहेका छन् ।

सदनमा होस् कि सडकमा सबैले आफ्नो हैसियतअनुसार शक्ति प्रदर्शन गरिरहेका छन् । कतिपय प्रदर्शन त सरकारकै कारण भएका छन् । सरकार अभिभावक हो, परिस्थिति सम्हाल्नुपर्ने दायित्व सरकारकै हो । तर, त्यही सरकारले परिस्थितिलाई थप भड्काउने काम गरिरहन्छ । आफैं सम्झौता गर्छ, कार्यान्वयन गर्दैन । लोकतान्त्रिक सरकार हुँ भन्छ, लोकतान्त्रिक आचरण देखाउँदैन । जनताको सरकार हुँ भन्छ, जनताले पाएका असुविधा हटाउने विषयमा चासो नै राख्दैन ।

मुलुक राजनीतिक नेतृत्व सन्चालन गर्ने हो । तर, अवस्था यस्तो देखिएको छ कि, अहिलेको सरकार कर्मचारीतन्त्रले चलाइदिएको छ । उच्च ओहोदाका कर्मचारीले प्रधानमन्त्री, मन्त्री र राजनीतिक दलका नेताहरुलाई सन्चालन गरिरहेका छन् । जहाँ कर्मचारीतन्त्र हाबी हुन्छ, त्यहाँ सुशासन र सर्भिस डेलभरी ओझेलमा पर्छ, अहिले त्यही भइरहेको छ ।

सुशासनको विषयमा त सरकार निकै बद्नाम भएको छ । एकपछि अर्को गर्दै भ्रष्टाचारका काण्ड सार्वजनिक भएका छन् । सरकारको नेतृत्वकर्ता प्रधानमन्त्रीमाथि नै गम्भीर आरोप छन् । मन्त्रीहरु पनि आलोचित छन् । अख्तियारले भ्रष्टाचारका मुद्दा अदालतमा दर्ता गर्दा पनि अविश्वास पैदा हुन थालेको छ । संवैधानिक अंगहरुप्रति पनि अविश्वास बढेको छ । न्यायालयमाथि प्रश्न उठेका छन् । जहाँ हेर्यो त्यहीं भ्वाङ ।

### अबको उपाय

प्रधानमन्त्री आलोचित, मन्त्रीहरु आलोचित, संसदका जिम्मेवार पदाधिकारी आलोचित, संवैधानिक अंगका पदाधिकारी आलोचित, उच्च ओहोदाका कर्मचारीहरु आलोचित । हुँदा हुँदा पूर्वराष्ट्रपति र पूर्वउपराष्ट्रपति पनि आलोचित । सरसर्ती हेर्दा लाग्छ, मुलुकमा जो जो पावरमा छन्, सबै आलोचित छन् । जो आलोचित छन्, उनीहरु नै सत्ता र शक्तिमा रहुन्जेल समस्या समाधान हुँदैन, मुलुकले कोल्टे फेर्न सक्दैन । अहिले भएको त्यही हो । यसको सुधार मुलधारका भनिएका पार्टीबाटै गरिनुपर्छ, सरकारबाटै गरिनुपर्छ र त्यसको नेतृत्व कांग्रेसले गर्नुपर्छ । पहिले कांग्रेस नेता शेखरले कांग्रेस र एमाले मिलेर सरकार बनाउनुपर्छ भन्दा धेरै पत्याएनन् । अहिले उनै शेखरले कांग्रेसले सरकारको नेतृत्व लिनुपर्छ भन्दा कांग्रेसकै कतिपय नेताले शेखरको आलोचना गर्न थालेका छन् ।

ओली नेतृत्वले गरेका गलत कामको अपजस सत्ता सहयात्रीका हिसाबले कांग्रेसले पनि लिनुपर्छ । अपजसको भारी बोकेर २०८४ को चुनावमा जाँदा परिस्थिति के होला ? शेखरले त्यसैलाई ध्यान दिएको हुनुपर्छ । नेता भनेको त्यो हो, जसले विगतबाट शिक्षा लिएर भोलिका लागि सोच्छ र आजै कार्यशैली बदल्छ । हिजो असम्भव मानिएको कांग्रेस-एमाले समीकरण शेखरले भने झैं सम्भव भयो । आज शेखरले कांग्रेस नेतृत्वको सरकार भन्दा कतिपयले असम्भव ठान्लान् । तर, कांग्रेसले चाहँदा असम्भव हुँदैन र त्यसका लागि ढिलाइ पनि गर्नु पनि हुँदैन ।

*(साभार: रातोपाटी)*

# राजासहितको प्रजातन्त्र अबको विकल्प

✍ डा. महेन्द्रबहादुर कार्की

देश चलाउन नजान्ने, देशको माया नभएका, जनताको माया नभएकाको हातमा देश पर्न गएकोले देश चिन्ताजनक अवस्थामा छ । देशका होनाहार युवालाई विदेशिन बाध्य यिनैले पारेका हुन् । देशमा उधोगधन्दा, व्यापार व्यवसाय, आम्दानीका स्रोतहरु सुक्दै गएको अवस्था छ । देशका शिक्षित वर्गले अनुभव र पढेर सिकेका विषय विदेशमा प्रयोग गरिरहेका छन् । देशमा कुनै कलकारखाना, उद्योगधन्दा नभएकाले शिक्षित जनशक्तिले आफूले सिकेका सीप स्वदेशमा प्रयोग गर्न पाएनन् । राजनीतिक नेताहरु विदेशीको इशारामा चलिरहेका छन् । वैदेशिक नीति समान देखिँदैन ।

दुई देशको तरुलको रुपमा बसेको सानो देशलाई ठूला देशले थिचोमिचो गरिरहेको अवस्था छ । राजनीतिक दलका प्रमुख नेताहरु देशको मायाभन्दा विदेशी दलाली गरेर पैसा आर्जन गर्ने धन्दामा लागेको देखिन्छ । विभिन्न सामाजिक संघसंस्था, अदालत, प्रहरी प्रशासन, विभिन्न कार्यालयहरुलाई मुठीमा राखेर प्रमुख नेताहरुले आफू अनुकूल निर्णय गराइरहेका छन् र आफ्नो हैकम चलाइरहेका छन् । वडादेखि केन्द्रसम्मका जनतालाई विभिन्न प्रलोभनमा पारेर भोट बटुलिरहेका छन् । गरिब जनता आज खाएँ भोलि के खाऊँ भन्ने अवस्थामा छन् ।

राज्यका विभिन्न क्षेत्रहरु बिचौलियाको हातमा चलेको छ । न्याय पाउने ठाउँमा न्यायका लागि अनुरोध गर्न जाँदासम्म आर्थिक चलखेल हुन्छ । त्यसैले गरिब जनता न्यायिक क्षेत्रबाट विमुख हुनुपर्ने अवस्था छ । त्यसैले देशको अहिलेको समग्र स्थिति दयनीय र चिन्ताजनक अवस्थामा पुगेको छ । टोल-टोलमा गुन्डागर्दी भइरहेको अवस्था छ । देश सामाजिकरुपमा विकृत हुँदै गएको छ । दलहरुले प्रजातन्त्रको नाममा, व्यवस्थाको नाममा जनतालाई ठगिरहेका थिए र अब पनि जनतालाई ठग्न गणतन्त्रको वकालत गरिरहेका छन् । त्यसैले अब जनता सधैं झुक्किने छैनन् ।

राजाले अब राज्यको जिम्मेवारी सम्हाल्नु अनिवार्य भयो । देशमा भ्रष्टाचार भइरहेको बेला, जनताले आँसु बगाइरहेको बेला, बिचौलियाहरु अझ मजबुत भएको बेला, गरिब जनताले न्याय नपाएको बेला, विकास निर्माण ठप्प भएको बेला, विदेश सम्बन्ध बिग्रँदै गएको बेला राजा ज्ञानेन्द्र सक्रिय हुनु अनिवार्य थियो, अहिले सक्रिय हुनुभयो । वास्तवमा भन्नुपर्दा पृथ्वीनारायण शाहले बाइसे-चौबीसे राज्यलाई जोडेर नेपाल निर्माण गर्नुभएको सबैलाई सर्वविदित नै छ ।

पृथ्वीनारायण शाहको आफ्नै सन्तान हुन् राजा ज्ञानेन्द्र । आफ्नो पुर्खाले आर्जन गरेको देश बिग्रिन लाग्दा राजा ज्ञानेन्द्र सक्रिय हुनु स्वाभाविकै हो ।अब नेताहरुको विदेशमा रहेको सम्पत्ति राष्ट्रियकरण गरी विकास निर्माणमा लगाउनुपर्छ । अत: जेठ १५ गतेदेखि राजसंस्थावादीहरु निर्णयक आन्दोलनमा उत्रिनु स्वाभाविक हो । अब गणतन्त्रका नेताहरुको हातबाट सत्ता खोस्ने दिन आउँदै छ । अब हाम्रो आन्दोलन निर्णायकरुपमा अघि बढ्दै छ । जनताले चाहे भने कुनै पनि बेला राजसंस्था फर्किनेछ । राजसंस्था पुनर्स्थापित नगरी हाम्रो आन्दोलन रोकिँदैन । राजाले इमानदारीपूर्वक जनधनको क्षति नहोस् भनेर त्यति बेला राजगद्दी त्यागनुभएको हो । अब त्यसरी नै शान्तिपूर्णरुपमा दलहरुले राजालाई श्रीपेच फिर्ता दिनुपर्छ ।

देशका युवाशक्तिलाई यहाँ काम गर्न नसक्ने वातावरण निर्माण गरी यहाँ बसेका सोझा जनतालाई झुक्याएर भ्रष्टाचार गरिरहेको अवस्था छ । कलकारखाना यिनैले बेचेका हुन् । जताततै अराजकता यिनैले गर्दा भएको हो । हरेक निकायमा यिनै गणतन्त्रवादीले लुटिरहेका छन् । त्यो लुटेको सम्पत्ति मात्र खर्च गर्ने हो भने देश विकास हुने थियो । जनतालाई सस्तो आश्वासनमा भुलाएर देशबाट लुटेको धन स्वीट्जरल्यान्डमा राख्ने गरेको अब जनताले बुझिसकेका छन् । देशको यो अवस्थामा जनता संगठित र आन्दोलित हुनुपर्ने अवस्था छ । जबसम्म जनताले बुझ्दैनन्, तबसम्म गणतन्त्रवादीहरुले देश यसरी नै लुटिनै रहनेछन् । शिक्षा, स्वास्थ्य, रोजगारी क्षेत्रलाई मजबुत पार्न पनि राजासहितको व्यवस्था आवश्यक छ । अब सनातन हिन्दुहरु आन्दोलित हुन आवश्यक छ । यदि उनीहरु आन्दोलित भए भने अब देशमा राजसंस्था र हिन्दुराज्य एकैपटक पुनर्स्थापना हुनेछ ।

देशमा आउने विभिन्न मेसिन, पार्टपुर्जा, कच्चा पदार्थहरु बोर्डरबाट भन्सार तिरेर आयात गरिन्छ । त्यसैले ती सामग्रीको बढी मूल्य पर्ने हुन्छ । तर त्यही सामान छिमेकी राष्ट्रबाट चोरी निकासी भएर आउँदा सस्तोमा आउने भएपछि देशका उत्पादनकर्ताहरु पनि धराशयी हुँदै गएको अवस्था छ । यसै गरी देशको कृषिमा काम गर्ने युवाशक्ति विदेशिरहेका छन् । देशमा उत्पादन नभएपछि विदेशबाट ल्याउनुपर्छ । त्यसैले मूल्य बढ्नु स्वाभाविक हो । त्यसमाथि विदेशी खाद्यान्न नुन, तेल, चामल, फलफूलमा समेत केमिकलको प्रयोग गरेर मिसावट गरिएको पाइन्छ । त्यसको फलस्वरुप जनतालाई विभिन्न रोग लागिरहेको छ । गरिब जनताले नुन, तेल, चामललगायतका वस्तु किन्न सक्ने अवस्था छैन । महँगी नियन्त्रण गर्न बनेका सरकारी संयन्त्र मुकदर्शक भइरहेको देखिन्छ ।

युवाशक्तिको विदेश पलायन, विभिन्न क्षेत्रमा महँगो कर, नेताहरुलाई जनताप्रति माया नहुनु, भ्रष्टाचार बढ्दै जानु, नेताका नातागोताले विभिन्न ठाउँमा पेवाको रुपमा सम्पूर्ण ठाउँमा कुकृत्य गर्नु, कुनै पनि ठाउँमा अनुगमन नहुनुजस्ता कारणले देश विकास नभएको हो । शिक्षा क्षेत्र अनुसन्धानमूलक नहुनु, व्यावहारिक नहुनु र राम्रो शिक्षाका लागि विदेश जानुपर्ने र यहीँ पनि निजी स्कुल क्याम्पसमा पढाउनुपर्ने बाध्यता रहेको छ । त्यसमाथि देश हाँक्ने दलका नेताहरुको अदूरदर्शिताका कारण देश विकास नभएको हो । नेपालमा उत्पादन भएका जडीबुटीहरु सस्तोमा विदेश पैठारी हुनु तर विदेशबाट महँगोमा औषधि किन्न परिरहेको छ । त्यसैले स्वदेशमै औषधिजन्य नरम नीति ल्याउनुपर्छ । प्राकृतिक उपचार र प्राकृतिक शिक्षा नेपालमै हुनु आवश्यक छ । त्यसैले राजा नआई शैक्षिक नीति फेरिएलाजस्तो देखिँदैन ।

त्यसो त राप्रपा स्थापनाकालदेखि राजावादी र हिन्दुवादी पार्टी हो । अरु खोलिएका पार्टीहरुले केही गर्न सक्दैनन् भन्ने बुझेर नै हाम्रो विधानमा पनि यही कुरा उल्लेख गरिएको हो । अब हामी हिन्दु राज्य र राजसंस्था पुनर्स्थापना गर्न सडक र सदनबाट आन्दोलित भइरहनेछौं । हाम्रो सम्पूर्ण संयन्त्र आन्दोलनमुखी बनाइरहेका छौं । त्यति बेला जनताको बलमा गणतन्त्र आयो । अब जनताकै बलमा राजासहितको प्रजातन्त्र बहाली हुँदै छ । त्यसैले गणतन्त्र देश र जनताको हितमा थिएन भन्ने कुरा अहिले पुष्टि भएको छ । त्यसैले राप्रपाले टोल-टोल, वडा-वडा, क्षेत्र-क्षेत्र र जिल्ला-जिल्लाका जनतालाई राजसंस्थाबारे बुझाउँदै आएको छ । अब हामी निर्णायक आन्दोलनमा छौं । यतिखेर देश र जनताको माया गर्ने, शिक्षित, अनुभवले परिपूर्ण भएको, स्थानीय जनताको समस्या बुझेको, नि:स्वार्थ भावनाले देश बचाउनुपर्छ भन्ने असल भावना बोकेको व्यक्ति देशलाई आवश्यक छ ।

क्रमश: पृष्ठ-३...

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ असार २३ गते सोमबार ७ जुलाई २०२५ । द्वादशी, असाढ शुक्लपक्ष । दिल्लाथ्व ११४५ ने.सं. । सूर्योदय ५:१५, सूर्यास्त ७:०१ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : साझेदारी कार्यमा विवाद | तुला | : स्थानान्तरण हुनसक्ने |
| वृष | : दैनिक आयमा कमी | वृश्चिक | : दुस्चिन्ताले पिरोल्ने |
| मिथुन | : मांगलिक कार्य सम्पादन | धनु | : यात्रामा भयले सताउने |
| कर्कट | : कार्यमा बाधा | मकर | : उपचार खर्च वृद्धि हुने |
| सिंह | : आकस्मिक लाभ हुने | कुम्भ | : मानसम्मान मिल्ने |
| कन्या | : अर्थहानि हुने | मीन | : जोस एवम् जांगर बढ्ने |

एएफसी महिला एसियन कप छनोट :

# महिला फुटबलमा फेरि निराशा, गुम्यो अवसर

काठमाडौं/निकै नजिक, तर अझै टाढा । नेपाली महिला फुटबलमा यस्तो अवसर आउने जाने धेरै भइसक्यो । एक पटक महिला फुटबलमा नेपाली समर्थक फेरि निराश बनेका छन् । महत्वपूर्ण तथा निर्णायक खेलमा जित नजिक पुगेर पनि नेपालले सफलता हात पार्न सकेन । नेपाली महिला फुटबलकै भविष्य जोडिएको खेलमा उज्वेकिस्तानसँग उत्कृष्ट पुनरागमन गर्नका बाबजुत पेनाल्टी सुटआउटमा पराजित भएपछि नेपाल महिला एसिया कपमा छनोट हुन असफल भएको छ ।




निर्धारित समयमा दुई गोलले पछि परेको नेपालले कप्तान सावित्राको प्रेरणादायी प्रदर्शनमा निर्धारित ९० मिनेटको खेल ३-३ को बराबरीमा पुऱ्याएको थियो । खेल बराबरी भएपछि अंक र गोल अन्तर सबै बराबरी हुने हुँदा समूह विजेताको टुङ्गो पेनाल्टीसुटआउटमा लगाइएको हो । जसमा कप्तान सावित्रा नै चुक्दा नेपालले अवसर गुमायो । उज्बेकिस्तानका चारै खेलाडीले पेनाल्टीमा गोल गरे ।

नेपालका लागि पहिलो पेनाल्टी नै सावित्राले गुमाएपछि गीता राना र सविता राना मगरले गोल गरिन् । तर चौथो पेनाल्टी गोलकिपर अन्जना राना मगरले मिस गरेपछि नेपाल पेनाल्टीसुटआउटमा ४-२ ले पराजित भयो । यो हार नेपालका लागि एउटा खेलमा मात्र हार थिएन । नेपाली महिला फुटबलले पनि धेरै कुरा गुमाउने छ । नेपाल महिला एसियन कपमा छनोट हुन सकेन भने उत्कृष्ट टिमले पनि एसियन कप खेल्ने पाएन ।

लगातार दोस्रो पटक महिला एसियन कप छनोट खेलेको नेपाल लगातार दुवै पटक एसियन कपमा पुग्न सकेन । यसको अर्थ नेपालले महिला एसिया कप मात्र गुमाएन, फिफा महिला विश्वकप २०२७ र लस एन्जलस ओलम्पिक २०२८ को पनि ढोका बन्द भएको छ । मिल्ली स्टेडियममा खेलेको दोस्रो मिनेटमै घरेलु टोली उज्वेकिस्तानले गोल गर्दै अग्रता लिएको थियो । खाबीबुल्लाएभाले गोल गर्दै अग्रता दिलाएकी थिइन् । नेपालकी गीता रानाले क्लियर गर्न नसकेको बलमा खाबिबुल्लाएभाले गोल गरेकी हुन् ।

११औं मिनेटमा उज्बेकिस्तानले दोस्रो गोल गऱ्यो । यस पटक कप्तान काराचिकले बाँया भागबाट एक्लै बक्सभित्र लगेर प्रहार गरेको बल डिफेन्डर समीक्षा घिमिरेलाई लागेर गोल भएको थियो । नेपालले दुई गोलले पछि परेपनि गोल फर्कायो । कप्तान साबित्रा भण्डारीले २४औं मिनेटमा गोल गर्दै नेपाललाई खेलमा फर्काउने प्रयास गरेकी थिइन् । तर ३९औं मिनेटमा उज्बेकिस्तानले पेनाल्टी पाउनु नेपालका लागि दुर्भाग्य बन्यो । शोएमोभले पेनाल्टीमा गोल गर्दै उज्बेकिस्तानलाई ३-१ को अग्रता दिलाइन् ।

पहिलो हाफको अन्तिममा खेलले अर्को नाटकिय मोड लियो । एन एर्गासेभाले पहिलो हाफको इन्जुरी टाइममा रातो कार्ड (दोहोरो पहेंलो कार्ड) सामना गर्दै मैदान बाहिरि एपछि उज्बेकिस्तान १० खेलाडीमा समेटियो । उज्बेकिस्तानले दोस्रो हाफ पूरा एक खेलाडी कम रहेर खेलेको थियो । यस्तफमा ११ भर्सेस १० जनाबीच प्रतिस्पर्धा भयो । तर नेपालले विपक्षी टिममा एक खेलाडी कम भएको फाइदा उठाउन सकेन ।

महिला एसियन कप र विश्वकप र ओलम्पिकको पनि छनोटको आधार भएकोले एसियन कपमै छनोट नहुँदा नेपालले एकै पटक तीन मुख्य प्रतियोगिताको अवसर गुमाएको हो । उज्बेकिस्तानको तास्केन्तमा भएको महिला एसिया कप छनोटको समूह एफमा रहेको नेपाल घरेलु टोलीसँग पछि पर्दै दोस्रो भयो । छनोटबाट समूह विजेता टोली मात्र अर्को वर्ष मार्चमा अष्ट्रेलियामा हुने एसियन कपमा पुग्ने थियो ।

त्यसैले दुवै टिमलाई अन्तिम दखेलमा डु अर डाईको अवस्था थियो । जित्नैपर्ने खेलमा नेपालले नतिजा आफ्नो पक्षमा पार्न नसक्दा नेपाली महिला फुटबल तत्कालका लागि पछाडि धकेलिने पक्का छ । नेपाल र उज्बेकिस्तान दुवैले यसअघि समूहको खेलमा लाओस र श्रीलंकामाथि फराकिलो जित हासिल गर्दै निर्णायक भिडन्त पक्का गरेका थिए ।

नेपालले लाओसलाई ९-० र श्रीलंकालाई ८-० ले पराजित गरेको थियो । उज्बेकिस्तानले श्रीलंकालाई १०-० र लाओसलाई ७-० ले पराजित गरेको थियो । दुवैले अन्तिम खेलअघि क्लिनसिट राख्दै दुई जितबाट समान ६ अंक जोडेको थियो भने समान १७ गोल नै गरेको थियो । त्यसैले अन्तिम खेल दुवैका लागि जित्नैपर्ने स्थितीमा पुगेको हो । त्यसमा घरेलु टोली उज्बेकिस्तान नै सफल भयो । यस पटक महिला एसियन कपमा छनोट हुन असफल भएपछि नेपाली महिला फुटबलको एउटा सुनौलो पुस्ताको एसियन कप खेल्ने सपना अधुरो हुने भएको छ ।

गोलकिपर तथा निवर्तमान कप्तान एन्जिला तुम्बापो सुब्बाले उज्बेकिस्तान जानुअघि नै यसपटक राम्रो अवसर रहेको र चार वर्षपछि खेल्न/नखेल्ने टुङ्गो नभएको बताएकी थिइन् । उनका लागि त उज्बेकिस्तान टुर बिर्सनलायक नै बन्यो । उनले यसअघि नियमित रुपमा गर्दै आएकी कप्तानी र गोलकिपर दुवै भूमिका गुमाइन् । कप्तानी आर्मब्यान्ड गुमाएसँगै उनले पहिलो रोजाइमा गोलपोष्ट सम्हाल्न समेत पाइनन् ।


यस्तै महिला फुटबलमा नयाँ प्रशिक्षक प्याट्रिक डे वाइल्ड र टिम म्यानेजमेन्टको विवाद पनि यसपटक उज्बेकिस्तानमै छताछुल्लो भयो । नेपालकी गोलमेसिन र युरोपमा व्यावसायिक फुटबल खेलेर कीर्तिमान रचेकी सावित्राले महिला फुटबलको १००औं अन्तर्राष्ट्रिय खेलमा कप्तानी गर्दै ह्याट्रिक समेत गरिन् । तर त्यो खुशी पनि लामो समय टिक्न सकेन । कप्तान परिवर्तन गर्ने विषय पनि यस पटक निकै विवादित नै बन्यो ।

दक्षिण एसियाबाट छिमेकी भारत र बंगलादेश महिला एसिया कपमा छनोट हुँदा नेपाल भने असफल बन्दा नेपालको फुटबलको अवस्था कस्तो छ र कसरी चलिरहेको छ भन्ने पनि प्रष्ट भएको छ । कुनै समय नेपालका लागि भारत बलियो चुनौतीको रुपमा रहेपनि पछिल्लो समय बंगलादेशले नै नेपाललाई नियमित जस्तो हराउन थालिसकेको छ । नेपालले पछिल्ला साफ च्याम्पियनसिपमा भारतलाई हराएपनि बंगलादेशसँग आफैं पराजित हुँदै आएको छ ।

बंगलादेशले ग्रासरुट फुटबल देखि नै लगानी गर्दै अन्तर्राष्ट्रिय स्तरमा फड्को मार्दा नेपाल भने जहिको त्यही छ । बंगलादेशले पछिल्लो चार वर्षमै नेपालमै आएर दुई पटक साफ महिला च्याम्पियनसिपको उपाधि जितिसक्दा नेपाली महिला टोली १३ पटक फाइनल खेलेर पनि उपविजेतामै सिमित छ । अहिलेसम्म महिला फुटबलमा कुनै उपाधि जित्न नसक्नु नेपाली फुटबलको अर्को तितो सत्यको रुपमा रहेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# कुस्ती खेलाडीका छोरा कसरी भए बाँसुरी सम्राट ?



संगीत वृत्तमा बाँसुरी वादनको चर्चा होस् र पण्डित हरि प्रसाद चौरसियाको नाम नआओस्, यो असम्भवजस्तै छ । किनकि बाँसुरी वादनमा उनले आफूलाई जमाएका छन् । परिपूरक बनाएका छन् । लिप्त बनाएका छन् । उनको बाँसुरी वादनको चर्चा भार त मात्र नभएर विश्वभर नै हुन्छ । अनि पण्डित चौरसियामा आज पनि बाँसुरीप्रति त्यही जोश र समर्पण देखिन्छ, जुन उनका सुरुवाती दिनहरूमा हुन्थ्यो ।

हिन्दीसहित उनले तामिल, तेलुगु र मलयालम चलचित्रहरूमा संगीत भनेरका छन् । अझ फिल्म तथा संगीत वृत्तमा त उनको सांगीतिक जोडीको पनि उत्तिकै चर्चा हुने गर्छ । उनले प्रसिद्ध सन्तूर वादक पण्डित शिवकुमार शर्मासँग मिलेर 'शिव-हरि' नामको सांगीतिक जोडी बनाएका थिए । यस जोडीले 'सिलसिला', 'चाँदनी', 'लम्हे' र 'डर' जस्ता सुपरहिट चलचित्रहरूमा संगीत दिएका छन् । त्यति मात्र होइन 'द बिटल्स' सहितका विश्वचर्चित कलाकारहरूसँग पनि उनले धेरै कन्सर्टहरू गरेका छन् ।

**बाल्यकाल र संगीत**

उनको जन्म भारतको उत्तर प्रदेशमा अवस्थित प्रयागराजमा भएको थियो । बुबा कुस्ती खेलाडी थिए । स्वभाविक रूपमा उनले छोरालाई आफू जस्तै बनाउन चाहन्थे । उनले छोरालाई कुस्ती देखाउन पनि लैजाने गर्थे ।

खेल हुने समयमा बाहिर बाट ठूल्ठूला शरीर भएका कुस्ती खेल्ने मान्छेहरू आउँथे । म सानै थिएँ । बुबाले मलाई पाखुरामा बोकेर खेल देखाउन लैजानुहुन्थ्यो । तर मलाई कुस्ती पटक्कै मन पर्दैनथ्यो,' उनी भन्छन्, 'मलाई त्यो एक प्रकारको लडाइँ जस्तो लाग्थ्यो'

त्यसमा बुबाको सोच ठिक विपरीत उनी संगीतमा केही गर्न चाहन्थे । उनको संगीतप्रतिको मोहलाई प्रकट गर्ने विद्यालयमा थियो । उनका अनुसार विद्यालयमा कुनै अफिसरहरू आउँदा वा कार्यक्रम हुँदा प्रिन्सिपल केदारनाथ गुप्ताजीले उनलाई गाउन लाउथे ।

'म पढाइमा खासै राम्रो थिइनँ । तर संगीतकै कारण म पास हुन्थें । म्याट्रिक पछि मलाई जागिर पनि मिलेको थियो' उनी सुनाउँछन् । तर जागिरमा पनि उनले संगीत छाडेनन् । यदि कार्यालयमा भेटिएनन् भने उनलाई खोज्न स्टुडियो पुग्दा हुन्थ्यो । त्यहाँ उनी बाँसुरी बजाइरहेका भेटिन्थे । सांगीतिक करियरमा जागिर बाधा बनेपछि उनले काम नै छाडिदिए ।

**बाँसुरी नै किन ?**

पण्डित हरिप्रसाद चौरसियाले भारतीय शास्त्रीय संगीतमा बाँसुरीलाई नयाँ परिचय दिएका छन् । अनि उनका लागि बाँसुरी सामान्य बाजा होइन । देवता हो । उनी आफैंले भनेका छन्, 'म बाँसुरीको पूजा गर्छु' किन ? यसको उत्तर पनि रोचक छ । बाल्यकालदेखि नै उनी संगीतमा केही गर्न चाहन्थे । गाउन खोज्थे । तर उनको सुर लाग्दैनथ्यो । त्यसो हुँदा उनले बाँसुरी रोज्न पुगे ।

'भगवानले मलाई राम्रो स्वर दिएनन् । सरोद वा सितार जस्ता महँगा बाजा किन्न पैसा थिएन । बाँसुरी मात्र एक विकल्प थियो,' बाँसुरी नै किन भन्ने प्रश्नमा उनी भन्छन्, 'भगवान श्रीकृष्णसँग पनि पैसा त थिएन होला । उनले पनि बाँसको एउटा टुक्रा लिए । प्वाल पारे अनि बजाउन थाले । न तार चाहियो, न धेरै खर्च । मेरो मन त्यतैतिर गयो'

विशेषत: अभाव र आवश्यकताले उनले बाँसुरी बजाउन पुगे । 'बाँसुरीको सुर अन्य बाजाहरू जस्तो मिलाइरहनु पर्दैन । यसको विशेषता नै यही हो,' उनी भन्छन् । तर बाँसुरीप्रतिको उनको लगाव व्यवहारिक नभई आत्मिक पनि छ । जब उनले बाँसुरी बजाउँछन्, त्यसले कानमात्र प्रसन्न बनाउँदैन, आत्मालाई नै छोइहाल्छ ।

**सांगीतिक भ्रमण**

पण्डित चौरसियाको पहिलो सांगीतिक विदेश यात्रा पनि कम्ता चाखलाग्दो छैन । किनकि कार्यक्रममा जानेबेलासम्म उनले पासपोर्ट बनाएका थिएनन् । तर, उनको कार्यक्रम रोयल अल्बर्ट हल, लन्डनमा हुँदै थियो । भलै सांगीतिक टुर त हेमन्त कुमारको थियो । त्यहाँ उनीहरूलाई सुन्न जर्ज हेरीसन, टम स्कोल्ज र बिली प्रेस्टन जस्ता चर्चित व्यक्तिहरू आएका थिए । यसरी सुरु भएको उनको सांगीतिक भ्रमण कालान्तरमा विश्वभर हुन गयो ।

**चलचित्रमा प्रवेश**

पण्डित चौरसिया ओडिशाको कटकबाट मुम्बईमा भर्खरै सरेका थिए । त्यहाँ उनले अल इण्डिया रेडियोमा काम गर्थे । मुम्बई आएको केही हप्तामै त्यहाँ बस्न सजिलो नहुने उनले बुझे । किनकि उनको तलब मात्र १६० रुपैयाँ थियो । त्यो पैसा यातायातमै सकिन्थ्यो । बाँकी खर्च पुऱ्याउन धौधौ पर्थ्यो ।

संयोगवश एकदिन उनले रेकर्डिङमा बाँसुरी बजाउने मौका पाए । त्यो बेला मदन मोहनको रेकर्डिङ चलिरहेको थियो । गायक तलत महमूद थिए । बाँसुरी वादक आइपुगेका थिएनन् ।

त्यसैले उनलाई बाँसुरी बजाउन अवसर आयो । उनले कुनै नाईं नास्ती नगरी बाँसुरी बजाए । त्यसपछिका दिनमा फिल्मी गीतहरूमा पनि उनको बाँसुरीको धुन गुञ्जिन थाल्यो । 'त्यो दिनदेखि अहिलेसम्म यात्रा रोकिएको छैन । सबै फिल्मी कलाकारहरूले माया दिनुभयो । सबैजनाले 'हरिप्रसाद' नआए रेकर्डिङै हुँदैन भन्नुहुन्थ्यो' उनी आफ्नो गौरव सुनाउँछन् ।

हुन पनि हो, उनले उद्योगका सबै चर्चित नामका लागि बाँसुरी बजाएका छन् । विशेषत: उनको संगीत गहिरो, आत्मीय, शुद्ध र भावनाले भरिएको हुन्छ । उनले बजाउने बाँसुरीको धुनले शान्त, ध्यानमग्न र आध्यात्मिक अनुभूति दिन्छ । ती सुनिरहँदा लाग्छ, उनी बाँसुरी नै बजाउन लागि धर्तीमा आएका हुन् ।

# बैंकर/व्यवसायी छुट्याउने विषयमा किन अर्थ समितिको अड्चन ?

काठमाडौं/नेपाल राष्ट्र बैंकले वित्तीय क्षेत्रको प्रभावकारी नियमन गर्न बैंकर र व्यवसायी छुट्याउने प्रस्तावमा सांसदहरूले नै विरोध गर्दै आएका छन् । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन ( बाफिया) संशोधन विधेयकको छलफलको क्रममा बैंक व्यवसायी छुट्याउन नहुने भन्दै सांसदहरूले नै संशोधन प्रस्ताव हालेका हुन् ।



संघीय संसद्को प्रतिनिधि सभा अन्तर्गतको अर्थ समितिमा छलफलको क्रममा रहेको उक्त विधेयकमा पछिल्ला दिनहरूमा निरन्तर छलफल चलिरहेको छ । छलफलका क्रममा अर्थमन्त्रालय र राष्ट्र बैंकले बैंक व्यवसायी छुट्याउने विधेयकको व्यवस्थामा अडान लिइरहेका छन ।

तर, अर्थसमितिले भने विधेयकलाई पुनर्लेखन नै गर्न खोज्यो । त्यसका लागि समितिले अर्थमन्त्रालयलाई पत्राचार समेत गऱ्यो । अर्थले पुनर लेखन गर्न नपर्ने भने जवाफ पनि दिइसकेको छ । २०८० सालमा संसदमा दर्ता भएको उक्त विधेयकमा १२७ वता संशोधन प्रस्ताव परेको संसद सचिवालयले जनाएको छ । सचिवालयका अनुसार अधिकांश संशोधन प्रस्ताव बैंक व्यवसायी छुट्याउन गरिएको सम्बद्ध व्यक्ति र उल्लेख्य स्वामित्व सम्बन्धी व्यवस्था परिवर्तनको माग गरेका छन् ।

केही समय अघि राष्ट्र बैंकका गभर्नर प्रा.डा. विश्वनाथ पौडेलले अर्थसमितिमा बैंकिङ क्षेत्रमा व्यवसायी र बैंकर छुट्याउँदा ठूलो भूकम्पपछि परिवर्तन जस्तो हुने उनले बताएका थिए । बैंकमा उल्लेख्य स्वामित्व भएका र बैंकसँग सम्बद्ध अधिकारीहरूको कर्जा माथिको अधिकार कति रहन्छ भन्ने कुरा विधेयकले स्पष्ट गर्न खोजेको उनको भनाइ थियो ।

त्यसैगरी वित्तीय क्षेत्रको स्रोतमा सिमित व्यक्तिको एकाधिकार तोडेर तल्लो तहको पहुँच हुनुपर्ने बताउने गरेका छन् । यसले पनि केन्द्रीय बैंक नेतृत्व बैंक व्यवसायी छुट्टिनु पर्नेमा देखाउँछ ।

त्यसैगरी शुक्रबारको अर्थसमितिको बैंठकमा अर्थमन्त्री विष्णु पौडेलले पनि बैंक व्यवसायी छुट्याउने विषयमा समितिले छलफल राखे मन्त्रालयको धारण राख्ने बताए । एक प्रतिशतभन्दा वढी सेयर भएको व्यक्तिले बैंक तथा वित्तीय संस्थाबाट ऋण लिन नपाउने व्यवस्थाका विषयमा समितिले छलफल गरे उक्त छलफलमा अर्थ मन्त्रालयले विचार राख्ने उनको भनाइ छ ।

बैंक तथा वित्तीय संस्थाको प्रभावकारी नियमन गर्नुपर्छ भनेर नै बाफिया विधेयक तयार गरेको उनले बताए । बैंकिङ क्षेत्रका समस्या समाधान गर्ने व्यवस्थामा कुनै पनि कमी कमजोरी नहोस् भनेर समितिमा छलफल भइरहेको उनले मन्त्री पौडेलको भनाइ छ ।

बाफिया विधेयकले बैंकर र व्यवसायी छुट्याउने सुइँको पाएपछि अधिकांश व्यापारी तथा उद्यमी त्यसलाई रोक्न राजनीतिक लबिइङमा लागेका छन् । त्यसको असर अर्थ समितिका धेरै सांसद्ले बाफिया विधेयक पुनर्लेखन गर्नुपर्छ समेत भन्न भ्याएका छन् ।

तर, समितिका सदस्य नेकपा (माओवादी केन्द्र) का सांसद देवेन्द्र पौडेलले उल्लेख्य स्वामित्व भएका व्यक्तिले कुल कर्जाको ४५ प्रतिशत उपयोग गरेको बताए । बैंकमा व्यवसायीको लगानी भइसकेका कारण सुरक्षित निकास चाहिनेमा उनले जोड दिए । सांसद पौडेलले सरकारले सक्नेलाई लगानी गर्न सहज बनाउनुपर्ने बताउँदै आएका छन् ।

उनले हालसम्म २० ओटा बैंकबाट २०८० असारसम्म चुक्ता पुँजी ३ खर्ब ७९ अर्ब छ । त्यो चुक्ता पुँजीमा तीनसय व्यक्ति आवद्ध छन् । अहिलेको प्रस्तावित व्यवस्था राख्दा ती व्यक्तिले गरेको लगानी स्वत: धरापमा पर्ने भन्दै उनले बैंकर व्यवसायी छुट्यान नहुने तर्क राख्दै आएका छन् ।

सांसद राजेन्द्र कुमार केसी, सञ्जय कुमार गौतम, देव प्रसाद तिमल्सेना, मैना कार्की, रुपा विकले 'उल्लेख्य स्वामित्व' भन्नाले कुनै व्यक्ति वा संस्थाले एक्लै वा अन्य व्यक्ति वा संस्थासँग मिलि संयुक्त रुपमा कुनै बैंक वा वित्तीय संस्थाको चुक्ता पूँजीको दुई प्रतिशत वा सोभन्दा बढी सेयर लिएको व्यवसथा राख्न सुझाएका छन् । विधेयकमा यस्तो व्यवस्था एक प्रतिशत मात्र रहेको छ ।

त्यसैगरी उनीहरूले सम्बद्ध व्यक्ति भन्नाले बैंक वा वित्तीय संस्थाको सञ्चालक, प्रमुख कार्यकारी अधिकृत, पदाधिकारी वा निजको परिवारको एकल वा संयुक्त रुपमा कम्तिमा दश प्रतिशत शेयर स्वामित्व भएको फर्म, कम्पनी वा संस्था वा फर्म, कम्पनी वा संस्थामा १० प्रतिशत शेयर स्वामित्व भएको अन्य फर्म, कम्पनी वा संस्था वा सोको हिताधिकारी एवम् राष्ट्र बैंकले तोकेको अन्य व्यक्ति फर्म सम्झन पर्ने व्यवस्था गर्न सुझाएका छन् ।

# राजासहितको प्रजातन्त्र....

राजसंस्था र सनातन हिन्दु राज्य अहिलेको आवश्यकता भएको छ । यस बेला जनताको चाहना र समय-परिस्थिति पनि यही छ । त्यसै कारणले देश बचाउनका लागि राजावादी सनातन हिन्दुवादी र राष्ट्रवादीहरुलाई राप्रपाको नेतृत्वमा हुने आन्दोलनमा सरिक हुन आह्वान गरिन्छ ।

अब हामीलाई राजसंस्थावादीहरुको साथ चाहिएको छ । देवीदेवतालाई आफ्नो शिरमा राख्ने हिन्दुहरु हाम्रो साथमा छन् । राजा ज्ञानेन्द्रको हामीलाई एक इशारा मात्र चाहिएको छ, हामी टाउकोमा कफन बाँधेर सडकमा उत्रिन तयार छौं । अब हिजोका के कांग्रेस, के कम्युनिस्ट, कतिपय नागरिक राजा मान्न तयार भएर बसेको अवस्था छ । जनताको अपार माया भएकाले राजावादीहरु डराउनुपर्ने अवस्था छैन । पूर्वप्रधानमन्त्री माधव नेपालसम्म अख्तियारको फन्दामा परेको देखिँदा गणतन्त्रवादी कस्ता रहेछन् भन्ने छर्लंग भएको छ । अरु ठूला नेता पनि अख्तियारमा पर्ने हामीले देखेका छौं, बुझेका छौं ।

गणतन्त्रवादीहरुले गणतन्त्र आएको यो १८ वर्षको अवधिमा के गरे ? काण्डैकाण्डमा मुछिएका छन् । जानेसम्म, बुझेसम्म लगातार देश लुटिरहेका छन् । यो कुरा अब जनताले बुझिसकेका छन । जनता अहिलेभन्दा त देश राजा हुँदा राम्रो थियो भनिरहेका छन् । अधिकांश जनताको यही अभिमत छ । गरिब जनताको सेवा गर्छु भनेर आएका गणतन्त्रवादीले महल ठड्याए । चप्पल लगाएर हिँड्ने नेताहरु पजेरोमा हिँड्छन् । यस्तो अवस्थामा राजसंस्था बहाली गर्न हामीले गरिरहेको आन्दोलन गरिबको लागि हो, सबै जनताको लागि हो । नयाँ बजेट आउँछ, धनीलाई पोस्छन्, गरिब जनतालाई करमाथि कर थोपरिन्छ, कर्मचारीको तलब बढाइँदैन । हुँदाहुँदा वृद्ध भत्ता पाउने उमेर पनि गणतन्त्रवादीले बढाए । त्यही वृद्ध भत्ताबाट गुजारा चलाइरहेका गरिब जनताले के गर्ने ? अब हरेक किसिमबाट गणतन्त्र असफल भएको छ ।

जनता कांग्रेस, कम्युनिस्टको सस्ता नारामा फसे । राप्रपा जन्मजात राजावादी पार्टी हो । अब हामी गणतन्त्रवादीका कुनै पनि धम्कीमा नडराई संघर्षको मैदानमा उत्रिन्छौं । हिजोको अवस्था अब छैन । बागमतीमा धेरै पानी बगिसकेको छ । जतातत‍ै राजावादी छन् । सडकमा नउत्रे पनि, घरमै बसेर भए पनि जनताले हाम्रो आन्दोलनलाई साथ र सहयोग गरि रहेका छन् । कुनै पनि बेला लाखौंलाख जनता सडकमा उत्रँदै छन् । जहाँ राजा, त्यहाँ हामी । राजा भएको ठाउँ विकास हुँदैन, स्वतन्त्रता पाइँदैन भन्नु गलत प्रचार हो । बेलायत, जापानसहितका दर्जनौं देशमा अझै राजसंस्था छ । त्यहाँका जनता राजालाई आफ्नो आमा-बुबाजस्तो सम्झिन्छन्, हामी पनि राजालाई आफ्नै अभिभावकका रुपमा लिन्छौं । देश विकास गर्न, देशमा शान्ति सुशासन ल्याउन, राजसंस्था चाहिन्छ । त्यसैले हाम्रो आन्दोलन हरेक किसिमले आवश्यक र सान्दर्भिक छ । यो निर्णायक युद्ध हो ।

*(साभार: न्यूज अफ नेपाल)*

# ओटीटीका कारण कन्टेन्ट खराब हुँदैछ : परेश रावल

काठमाडौं/आफ्ना अभिव्यक्तिका कारण अक्सर चर्चा र विवादमा आइरहने कलाकार हुन्, परेश रावल । उनले बलिउडभित्रको माफियादेखि राजनीतिक गतिविधिलाई लिएर विभिन्न टिप्पणी गरिरहेका हुन्छन् । यतिबेला भने उनी 'हेरा फेरी ३'मा फर्किएको विषय र ओटीटी कन्टेन्टबारे दिएको अभिव्यक्तिका कारण चर्चामा छन् । उनले ओटीटीका कारण कन्टेन्ट एकदमै खराब भइरहेको बताएका छन् ।

वेब सिरिजमा देखाइने इन्टिमेट सिन र गाली बिना मतलबको हुने तर्क गर्दै उनले भनेका छन्, 'यो बिना मतलबको चिज मेकरहरू ध्यान खिच्नका लागि राख्ने गर्छन् । तर, यसबाट अब दर्शक दिकदार भइसकेका छन् । हरेक दोस्रो-तेस्रो सिरिजमा बिना मतलबको गाली र सेक्स सिन हुन्छ । यसको कथा र सिनसँग कुनै लेनादेना नै हुँदैन । मेकर्सलाई चाहिँ लाग्छ कि यसले सबैको ध्यान खिच्छ ।'

भाजपाका नेता समेत रहेका परेशले ओटीटीका सिरिजमा राखिने गाली र सेक्स सिनलाई 'सस्तो रणनीति'को संज्ञा दिएका छन् । उनी अगाडि भन्छन्, 'मलाई यस्तो लाग्न थालेको छ कि यी केवल आँखा तान्ने 'सस्तो रणनीति' मात्र हुन् । तर, दर्शकहरू थाकिसके । जब निर्माताहरू रोकिएनन्, तब सरकारले नै हस्तक्षेप गर्नुपऱ्यो । अहिले सरकार वेब सिरिजलाई संस्कारी बनाउने प्रयासमा छ ।'

फिल्मकर्मी समाजको ऐना भए पनि समाजका कति कुरा देखाउन नमिल्ने उनको बुझाइ छ । भन्छन्, 'समाजमा जे हुन्छ, त्यसलाई फिल्ममार्फत देखाइन्छ । यसैले हामी समाजका ऐना हौं । तर, हामीले हाम्रो विवक बुद्धि सही तरिकाले प्रयोग गर्नुपर्छ । किनकि, समाजमा हुने हरेक कुरा फिल्ममा देखाउन लायक हुँदैनन् । फिल्ममेकरले केही चिज संकेत वा छोटो रूपमा देखाउन सक्नुपर्छ ।'

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# रोटरी र रोट्याक्ट क्लबको स्थापना तथा सपथग्रहण




साझाकुरा संवाददाता

हेटौंडा, २१ असार/रोटरी क्लब अफ हेटौंडाको ३४ औं र रोट्याक्ट क्लब अफ हेटौंडाको १० औं स्थापना तथा सपथग्रहण कार्यक्रम शनिबार हेटौंडामा सम्पन्न भएको छ ।

आगामी सन २०२५-२६ कार्यकालका लागि नयाँ कार्यसमितिको पदस्थापनसँगै रोटरी क्लब अफ हेटौंडाको मुखपत्र स्मारिका विमोचन, उत्कृष्ट विद्यार्थी सम्मान, साँस्कृतिक कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा रोटरी ३२९२ का डिष्ट्रिक गभर्नर नोमिनी (डिजीएन) डा. ईश्वरीप्रसाद ढकालले सपथग्रहणसँगै रोटरी क्लब अफ हेटौंडाको वर्ष २०२५/२६ का अध्यक्ष प्रमेश प्रधानलाई चार्टर प्रमाणपत्र, पिन, कोलार र ज्यावल हस्तान्तरण गरेका थिए । अध्यक्ष प्रधानले बोर्ड समितिका पदाधिकारीलाई सपथग्रहण गराएका थिए ।

रोटरी क्लब अफ हेटौंडाको नवनिर्वाचित अध्यक्ष प्रधानको नेतृत्वमा २२ सदस्यीय बोर्ड समितिको पदस्थापन भएको हो । नयाँ बोर्ड समितिमा प्रकाश ढकाल निवर्तमान अध्यक्ष, किशोर पराजुली प्रेसिडेन्ट इलेक्ट, अर्पण सञ्जेल उपाध्यक्ष, रामबहादुर थापा सचिव र सुदर्शन ढकाल कोषाध्यक्षको जिम्मेवारीमा रहेका छन् । स्वागतराज प्याकुरेल सर्जेन्ट एट आर्म्स, धीरजकुमार कार्की टीआर एफ डाइरेक्टर, उज्ज्वल शर्मा भण्डारी सदस्यता निर्देशक, बासु न्यौपाने पब्लिक इमेज निर्देशक, सरोज देवकोटा सर्भिस प्रोजेक्ट निर्देशक, रोशन सेनगुप्ता युथ सर्भिस निर्देशक, दिपेश जोशी टीच चेयर, श्याम मुडभरी हेल्थ एण्ड इन्भाइरोन्मेन्ट चेयर, गोमाकुमारी बराल एडिसन एण्ड प्रिभेन्सन चेयर, सुयशराज पराजुली क्लब मेन्टर, उमाप्रसाद रौनियार क्लब ट्रेनर, प्रदीप सुवेदी जोइन्ट सेक्रेटरी, राजन न्यौपाने जोइन्ट ट्रेजर, विकास श्रेष्ठ प्रकाशन सम्पादक र दीपक अधिकारी वेबमास्टरको जिम्मेवारीमा नियुक्त भएका छन् ।

भोकेशनल एक्सीलेन्सी अवार्ड अक्षयकोषका लागि रुद्रकुमारी वैद्यले ३ लाख २५ हजारको चेक हस्तान्तरण गरेका थिए । वैद्यले १ लाख ७५ हजार रुपैयाँ यसअघि नै प्रदान गरेका थिए भने ६ लाख थपेर ११ लाख रुपैयाँको अक्षयकोष स्थापना गरिएको छ । कार्यक्रममा निवर्तमान अध्यक्ष ढकालले संस्थाको वर्ष २०२४/२५ को गतिविधिको प्रतिवेदन प्रस्तुत गरेका थिए भने उपाध्यक्ष अर्पण सञ्जेलले स्वागत मन्तव्य व्यक्त गरेका थिए । अध्यक्ष प्रधानले आफ्नो कार्यकालको पहिलो बैठक संचालन गर्दै भावी कार्ययोजना प्रस्तुत गर्दै अतिथिलाई मायाको चिनो प्रदान गरेका थिए ।

रोट्र्याक्ट क्लब अफ हेटौंडाको १० औं पदस्थापन तथा सपथ कार्यक्रम पनि शनिबारै सम्पन्न भएको छ । कार्यक्रममै मकवानपुर जिल्लामा एसईई परीक्षामा प्रथम विद्यार्थी अस्मिता घिमिरेलाई नगद सहित सम्मान गरिएको थियो ।

कार्यक्रममा रोट्र्याक्ट क्लब अफ हेटौंडाका वर्ष २०२५/२६ अध्यक्ष केशर श्रेष्ठसहित बोर्ड समितिका पदाधिकारीलाई पदस्थापन तथा सपथ गरिएको थियो । कार्यक्रममा रोट्र्याक्ट क्लब अफ हेटौंडाकी निवर्तमान अध्यक्ष सुमित्रा लामाले संस्थाको वर्ष २०२४/२५ को गतिविधि प्रस्तुत गरेकी थिइन् ।

कार्यक्रममा रोटरी डिष्ट्रिक ३२९२ रिजन ६ र जोन ३५ का असिस्टेन्ट गभर्नर (एजी) हरिकुमार श्रेष्ठ र जोन ३४ का एजी धनबहादुर श्रेष्ठको विशिष्ठ आतिथ्य रहेको थियो ।

# बागमती प्रदेश सांसद् तामाङविरुद्ध पक्राउपुर्जी जारी

साझाकुरा संवाददाता

हेटौंडा, २१ असार/ नेपाल विद्युत् प्राधिकरणको ठेक्का विवादमा बागमती प्रदेशसभा सदस्य डम्बर तामाङविरुद्ध पक्राउपुर्जी जारी भएको छ ।

सहन इन्जिनियरिङ कन्सर्न प्रालिका अध्यक्ष सन्तकुमार गुरुङको जाहेरीमा ललितपुर जिल्ला अदालतले तामाङसहितका ६ जनाविरुद्ध पक्राउपुर्जी जारी गरेको हो । राष्ट्रिय प्रजातन्त्र पार्टीबाट बागमती प्रदेशसभा सदस्य रहेका तामाङ राप्रपा नेता बुद्धिमान तामाङका सहोदर भाइ तथा प्राधिकरणका पूर्वकार्यकारी निर्देशक कुलमान घिसिङका काका ससुरा हुन् । बुद्धिमान भने घिसिङका आफ्नै ससुरा हुन् ।

घिसिङ प्राधिकरणको कार्यकारी निर्देशक हुँदा उनले दबाव दिएर आफ्ना काकाससुरा तामाङको कम्पनीलाई दिलाइदिएको सबस्टेसन निर्माणसम्बन्धी ठेक्का विवादमा तामाङलाई पक्राउपुर्जी जारी भएको हो । ललितपुर जिल्ला अदालतले ५ फागुन २०८१ मै पक्राउपुर्जी जारी गरेकोमा त्यसविरुद्ध तामाङ लगायतले उच्चअदालत पाटनमा निषेधाज्ञाको निवेदन दिएका थिए । उच्चअदालतले पनि गत असार ९ गते उनीहरुको निवेदन खारेज गरिदिएको थियो ।

चिलिमे-त्रिशुली २२० केभी प्रसारण लाइन अन्तरगतको चिलिमेको २२० केभीएको जिआईएस सवस्टेशन र त्रिशुलीको २२० केभीएको हाइब्रिड सवस्टेशन निर्माणको ठेक्का कात्तिक २०७४ मा चीनको पिगांओ ग्रुप अफ कम्पनीजले १ अर्ब ११ करोडमा पाएको थियो । त्यो ठेक्काको सवकन्ट्रयाक्ट सहन इन्जिनियरिङ कन्सर्न प्रालिले पाएको थियो । प्राधिकरणका तत्कालीन कार्यकारी निर्देशक घिसिङले दबाव दिएर सहन इन्जिनियरिङबाट पनि लेबर कन्ट्राक्ट भने आफ्ना कान्छा ससुरा बागमती प्रदेश सांसद डम्बर तामाङको प्रो. सोलुसन्सलाई दिलाएका थिए ।

यो ठेक्कामा सहन कन्स्ट्रक्सनले करिब ६६ करोड लगानी गरिसकेकोमा करिब ३८ करोड भुक्तानी पाएको जनाइएको छ । पिंगाओले सहनलाई पैसा भुक्तानी गरेपछि उसले तामाङको प्रो सोलुसन्सलाई दिनुपर्नेमा घिसिङको दबावमा कामको रकम पिगांओ मार्फत सोझै प्रो. सोलुसन्सलाई दिइएको थियो । तर, उसले सहन कन्स्ट्रक्सनलाई उसले पाउनुपर्ने रकम नदिएको बताइएको छ । यही विवादमा आपराधिक विश्वासघातको आरोपमा तामाङलगायत विरुद्ध पक्राउपुर्जी जारी भएको दाबी छ । पक्राउपुर्जी जारी हुनेहरुमा प्रो सोलुसन्सका संस्थापकहरु सन्तोष पौडेल, संचिता श्रेष्ठ, राजेन्द्र अवस्थी, सरोज शाही र दिनेशकुमार यादव छन् ।

# हाजिरीजवाफमा बालबोध मावि प्रथम

साझाकुरा संवाददाता

हेटौंडा, २१ असार/ नेपाल राष्ट्रिय शिक्षक संगठन हेटौंडा उपमहानगरपालिका समितिको आयोजनामा शिक्षक सम्मान तथा हाजिरीजवाफ प्रतियोगिता सम्पन्न भएको छ ।

हेटौंडा-८ स्थित चन्द्रोदय माध्यमिक विद्यालयमा आयोजित प्रतियोगितामा हाजिरीजवाफ प्रतियोगितामा बालबोध मावि हेटौंडा-१७ प्रथम, लक्ष्मी आवि, हेटौंडा-५ द्वितीय र जनज्योति मावि हेटौंडा-१४ तृतीय स्थान हासिल गर्न सफल भएको थियो । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्नेलाई क्रमश: ५ हजार, ४ हजार र ३ हजार रुपैयाँ मेडल र प्रमाणपत्र प्रदान गरिएको थियो ।

संगठनका नगरअध्यक्ष कृष्णप्रसाद पोखरेलको सभाध्यक्षतामा भएको कार्यक्रममा नेपाल राष्ट्रिय शिक्षक संगठनको १४ औ राष्ट्रिय महाधिवेशनमा मकवानपुरको प्रतिनिधित्व गर्दै संगठन केन्द्रीय उपमहासचिव निर्वाचित भएका श्रीराम दाहाललाई स्वागत तथा सम्मान गरिएको थियो । संगठन नगरसचिव चिरञ्जीवी घिमिरेले संचालन गरेको कार्यक्रममा हेटौंडा उपमहानगरका माध्यमिक तथा आधारभूत तहका २२ वटा विद्यालयको सहभागिता रहेको थियो ।

कार्यक्रममा बागमती प्रदेश समितिका कोषाध्यक्ष लक्ष्मी चौलागाई, मकवानपुर जिल्ला अध्यक्ष मुकुन्द न्यौपाने, बागमती प्रदेश सदस्य सुनिल गौतम, लक्ष्मी प्याकुरेल र बालकुमार श्रेष्ठ, जिल्ला कोषाध्यक्ष भावना सपकोटा, सहसचिव सबिता लामिछाने, संगठन जिल्ला सदस्य सावित्री अधिकारी, बिमल दाहाल, देवराज शर्मा, चन्द्रोदय माध्यमिक विद्यालयका प्रधानाध्यापक जिघराज ढकाल र साहित्य संगम मकवानपुरका अध्यक्ष डीबी बर्तौलाको आतिथ्यता रहेको थियो ।

### मकवानपुरका कंसाकार र ढकालले एनपीएल खेल्ने

# २ नं. वडा कार्यालयद्वारा खेलसामग्री सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, २१ असार/ मकवानपुरका दुई खेलाडीले दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपीएल) खेल्ने भएका छन् ।

पहिलो संस्करणको विजेता जनकपुर वोल्सले रिटेन खेलाडीको सूचीमा मकवानपुरका शुभ कंसाकारलाई समावेश गरेसँगै जिल्लाका दुई खेलाडीले एनपीएल खेल्ने निश्चित भएको हो । जनकपुरले कंसाकारसँगै कप्तान अनिल कुमार शाह, मार्की खेलाडीका रुपमा पुन: आशिफ शेख, किशोर महतो, तुलबहादुर थापामगर र रुपेश सिंहलाई रिटेन गरेको छ । यसअघि असार ९ गते चितवन राइनोजले रिटेन गरेका ६ खेलाडीको सूचीमा मकवानपुरका रिजन ढकाल पनि परेका थिए । बायाँहाते तीव्रगतिका बलर रिजन नेपाली राष्ट्रिय टोलीका नियमित सदस्य हुन् ।

सन् २०२४ फेब्रुअरीमा क्यानडाविरुद्धको एकदिवसीय श्रृंखलाको पहिलो खेलमा ढकालले डेब्यु गरेका थिए । उनले पूर्वकप्तान पारस खड्काको हातबाट ओडीआई क्याप नम्बर ३९ पाएका थिए । प्रधानमन्त्री कपमा बागमती प्रदेशका लागि उनले ९ खेलमा १५ विकेट लिएका थिए । नेपालको यू-१९ टोलीबाट खेलिसकेका रिजन पावरप्ले र डेथ ओभरमा बलिङ गर्न माहिर मानिन्छन् । १ नम्बर जर्सी लगाएर डेब्यु गरेका उनले पहिलो ओभरको ५ औँ बलमै डेब्यु विकेट लिँदै टोलीलाई 'ब्रेकथ्रु' दिलाएका थिए ।

त्यसैगरी, उनले टी-२० आईमा पनि डेब्यु गरिसकेका छन् । नेपाल क्रिकेट एसोसिएसन (क्यान) को वर्गीकरणअनुसार 'डी' श्रेणीमा परेका उनी मकवानपुरबाट राष्ट्रिय टोलीमा खेल्ने पहिलो खेलाडी हुन् । यसअघि मकवानपुरकै रामनरेश गिरी राष्ट्रिय टोलीमा परेर पनि डेब्यु गर्न पाएका थिएनन् । यसैबीच हेटौंडा उपमहानगर पालिका-२ को कार्यालयले राष्ट्रिय खेलाडी रिजन ढकाल र शुभ कंसाकारलाई क्रिकेटका खेल सामग्रीसहित सम्मान गरेको छ । हेटौंडा उपमहानगरपालिका-२ का स्थायी बासिन्दा रहेका ढकाल र कंसाकारलाई वडा कार्यालयमा आयोजित कार्यक्रममा उपमहानगरउपप्रमुख राजेश बानियाँले खेल सामग्री हस्तान्तरण गरेका हुन् ।

नगरउपप्रमुख बानियाँले हेटौंडाका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीलाई आर्थिक अभावका कारण प्रतियोगिताबाट वञ्चित हुने अवस्था आउन नदिने बताए । सम्मान एवम् खेलसामग्री हस्तान्तरण कार्यक्रममा वडा नं. २ का वडाध्यक्ष विष्णुगोपाल महर्जन, वडासदस्य सुरज बर्तौला, ईन्द्रप्रसाद रिजाललगायतको उपस्थिति रहेको थियो ।

# सूचना आदानप्रदानमा मन्त्रालयबीच समन्वयको अभाव: मन्त्री लामिछाने




साझाकुरा संवाददाता

हेटौंडा, २१ असार/ प्रदेश सूचना पुनरावेदन समितिको आयोजनामा 'सूचनाको हक प्रवर्द्धन सम्बन्धी अन्तर्क्रिया कार्यक्रम' चितवनको सौराहामा सम्पन्न भएको छ ।

बागमती प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयको संयोजनमा शनिबार कार्यक्रम सम्पन्न भएको हो । सूचनाको हकसम्बन्धी कानुनी प्रावधानको प्रभावकारी कार्यान्वयन, नागरिकमा जनचेतना अभिवृद्धि तथा राज्य संयन्त्रभित्र पारदर्शिता र जवाफदेहिता कायम गर्ने रणनीतिमाथि छलफल गर्ने उद्देश्यले कार्यक्रम गरिएको पुनरावेदन समितिका अध्यक्ष हरिप्रसाद भण्डारीले बताए । 'सूचनाको हक कुनै कृपा गरेर प्राप्त गर्ने होइन, नागरिकको संविधानद्वारा सुनिश्चित गरिएको मौलिकअधिकार हो । यसलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्नु राज्यको अनिवार्य कर्तव्य हो' उनले भने ।

कार्यक्रमको प्रमुखअतिथि प्रदेश सरकार प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले सूचना आदानप्रदानमा मन्त्रालयबीचमा समन्वय नभएको गुनासो गरेका छन् । मन्त्री लामिछानेले प्रदेशका मन्त्रालयहरुले आफ्नो मन्त्रालयलाई सूचना नदिने गरेका आरोप लगाए । 'प्रदेश सरकारको आन्तरिक मामिला तथा कानुनमन्त्री प्रवक्ता हो । प्रवक्ताले नै सबै मन्त्रालयको सूचना पाउँदैन । कसरी अरुलाई सूचना दिनु', उनले गुनासो गरे ।

लोकतन्त्रमा सूचना पाउने नागरिकको नैसर्गिक अधिकार भएको बताउँदै मन्त्री लामिछानेले देशमा सुशासन कायम गर्न पनि सूचना पारदर्शी र जवाफदेही हुनुपर्ने धारणा राखे । उनले भने, 'सूचनाको हकसम्बन्धी ऐन तथा पुनरावेदन प्रक्रियालाई अझ प्रभावकारी बनाउँदै सूचना अधिकारीको क्षमता अभिवृद्धि गरिने छ ।' कार्यक्रममा मन्त्रालयका सचिव कृष्णवहादुर शाहीले सूचना पाउने नागरिकको नैसर्गिक अधिकार भएको बताएका छन् । मन्त्रालयका उपसचिव भूवन आचार्यले सूचनाको हक स्थापित गराउन सूचनाको परीक्षण जरुरी रहेको बताए ।

त्यसैगरी नेपाल पत्रकार महासंघ बागमती प्रदेशका अध्यक्ष कृष्ण सारुमगरले नागरिकलाई सूचित गराउने कार्यमा सञ्चार माध्यमको भूमिका महत्वपूर्ण रहेको भन्दै सूचना प्रवाहमा सञ्चारकर्मीको पहुँच सुनिश्चित गरिनुपर्नेमा जोड दिए । कार्यक्रममा सूचना ऐन, पुनरावेदन प्रक्रिया, जिम्मेवारी र चुनौती विषयक कार्यपत्र प्रस्तुत गरिएको थियो । सहभागीबाट प्रभावकारी सूचना व्यवस्थापनका लागि सुझाव संकलन गरिए, जसमा सूचना अधिकारीको क्षमता अभिवृद्धि, सूचनाप्रवाहमा देखिएका अवरोधको न्यूनीकरण र जनस्तरसम्म जानकारी पुऱ्याउने उपाय प्रस्तुत गरिएका थिए ।

कार्यक्रमले सूचनाको हकलाई व्यवहारमा उतार्न प्रदेश सरकार र सरोकारवाला निकायबीचको सहकार्य अझ बलियो बनाउन सक्ने विश्वास लिइएको छ । कार्यक्रममा मन्त्रालयका सचिव, कानुन व्यवसायी, सूचनाअधिकारी, पत्रकार, नागरिक समाजका प्रतिनिधि तथा विभिन्न स्थानीय तहका कर्मचारीको सक्रिय सहभागिता रहेको थियो ।

# वडास्तरीय बालसञ्जाल पुनर्गठन

साझाकुरा संवाददाता

हेटौंडा, २१ असार/ बालमैत्री स्थानीय शासन दीगोपनाको क्रममा शनिबार वडास्तरीय बाल सञ्जाल पुनर्गठन गरिएको छ ।

शनिबार भएको कार्यक्रमकाबीच गुन्जन राउतको अध्यक्षतामा सञ्जाल पुनर्गठन गरिएको हो । सञ्जालको उपाध्यक्षमा अनुप्रस्था देवकोटा, सचिवमा विवसा पुडासैनी, सहसचिवमा दिनेश राम, कोषाध्यक्षमा सक्षम गिरी, उपसचिवमा शुभेक्षा रसाईली चयन भएका छन् । कार्यक्रममा एसईईमा ४ जीपीए ल्याउन सफल अनुप्रस्था देवकोटालाई पनि सम्मान गरिएको थियो ।

हेटौंडा उपमहानगर पालिका-१ का वडाअध्यक्ष तथा नगरप्रवक्ता सविन न्यौपानेको प्रमुखआतिथ्यता एवम् दिनेश रामको सभाध्यक्षतामा भएको कार्यक्रममा कार्यपालिका सदस्य ईश्वरी रसाईली, वडासदस्य बालमैत्री सम्पर्कव्यक्ति मनु दाहाल, वडा सहजकर्ता सरिता न्यौपानेलगायतको आतिथ्यता रहेको थियो ।


## जिल्ला समन्वय समितिको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश

## जनचेतनामूलक सूचना !

ढुंगा, गिट्टी बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ (पहिलो संशोधन २०७९) मा प्रत्येक वर्षको असार १ गतेदेखि भाद्र मसान्तसम्म नदीजन्य पदार्थको उत्खनन गर्न नपाइने व्यवस्था रहेको छ । उक्त मापदण्ड विपरीत काम गरेको पाइएमा प्रचलित कानुन बमोजिम जरिवाना तथा कारवाही हुने व्यवस्था छ । तसर्थ उल्लेखित अवधिमा सम्बन्धित सबैलाई नदीजन्य पदार्थको उत्खनन् नगर्न र नगराउन हुन अनुरोध छ । नदीजन्य पदार्थको चोरी निकासी तथा अनियन्त्रित दोहनलाई नियन्त्रण गरी दिगो उपयोग गर्न र यस क्षेत्रबाट प्राप्त हुने राजश्व संकलनलाई व्यवस्थित गर्न आफ्नो वरपर नदीजन्य पदार्थ दोहन भइरहेको पाइएमा नजिकको प्रहरी कार्यालय, स्थानीय तह वा जिल्ला समन्वय समितिको कार्यालयलाई जानकारी गराइ सचेत नागरिकको भूमिका निर्वाह गरीदिनुहुन अनुरोध छ ।



## सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३


## निर्माण व्यवसायी संघ मकवानपुरबाट जारी

### प्रेस विज्ञप्ती !

निर्माण व्यवसायी संघ मकवानपुर जिल्लामा रहेका निर्माण व्यवसायीहरुको छाता संगठन हो । स्थापना कालदेखि आजसम्म संघले निर्माण व्यवसायीहरुको हक हितमा सदैव कार्य गर्दै आइरहेको यहाँहरुमा स्मरण नै छ । नेपालको संविधानमा भएको व्यवस्था अनुसार 'निर्माण व्यवसायी'ले राज्यसँग सम्झौता गरी विभिन्न भौतिक पूर्वाधार निर्माणको काम गर्दै आइरहेका छन् । यसै सन्दर्भमा मकवानपुरको शहरी विकास तथा भवन कार्यालय र दोलखा काली भुमे कन्स्ट्रक्सन एण्ड सप्लार्यस प्रा.ली बिच Construction of various road of makawanpur ठेक्का UDBO/MAK/NCB/WORKS/2079/80-12 को ठेक्का सम्झौता भइ यस अन्तरगतको ६ वटा विभिन्न ठाउँको प्याकेज मध्ये ५ वटा काम सम्पन्न गरेको र समाज कल्याण सडक स्तरीकरण योजना कामको लागि साईडमा बालुवा गिट्टी, रड समेत भारी फाउण्डेसन समेत खनि सकेकोमा शहरी विकास तथा भवन कार्यालय, ४ नं. वडा कार्यालय र निर्माण व्यवसायी बिच समझदारी, समन्वय तालमेल नहुँदा र Technical estimate नमिलेको कारण उक्त निर्माण कार्य अवरुद्ध भएपछि ४ नं. वडा कार्यालयले समाज कल्याण सडक स्तरीकरण अर्न्तगत क्याम्पस भित्रको केही कार्यको च्यानेज तोकिएर निर्माण व्यवसायीलाई लगाएको काम समेत उपभोक्ता समितिबाट गराउनु नियमविपरिद्ध रहेको तथा कुनै पनि उपभोक्ता समिति मार्फत हुने भौतिक पुर्वाधार निर्माणको कामको यस संघले विरोध गर्दै आईरहेको छ । सोही पश्चात निर्माण अवधिभित्र काम सम्पन्न गर्न भनि काम गर्न खोज्दा निर्माण व्यवसायी र ४ नं. वडा अध्यक्ष विच साइटको माटो उढाउने विषयमा विवाद उत्पन्न भई निर्माण व्यवसायी र हेटौडा उपमहानगरपालिका वडा नं. ४ का वडा अध्यक्ष नविन सिग्देलज्यूले महिला निर्माण व्यवसायीलाई तथानाम गालीगलौज गरी अपशब्द बोली काम रोक्नको लागि नगर प्रहरी समेत बोलाई काम रोकेको बिषयमा निर्माण व्यवसायी र जनप्रतिनिधि विच वादविवाद भई दुई पक्ष विच हात हालाहाल सम्मको अवस्था भएको प्रति यस संघ गहिरो दु:ख समेत व्यक्त गर्दछ, साथै सो दुइ पक्ष बिच भएको वादविवाद पश्चात निर्माण व्यवसायीलाई जिल्ला प्रहरी कार्यालयको हिरासत लगेको भन्ने जानकारी प्राप्त भएको हुदाँ निर्माण व्यवसायीलाई काम गर्न नदिई उपभोक्ता समितिबाट काम गराउन खोज्दा भएको घटनामा आवश्यक दुई पक्षलाई राखि वार्ता अनुसार कानुनी राज्यको अनुभुती हुन आवश्यक छानविन गरी समस्याको समाधान गरी निर्माण व्यवसायीलाई तत्काल रिहाई गर्न समेत यस संघ जोडदार माग गर्दछौं ।

साथै निर्माण व्यवसायी काम गर्छु भन्दा काम गर्न नदिइ उपभोक्त समितिबाट काम गराउन खोज्ने र निर्माण व्यवसायीलाई होच्याएर अपशब्द प्रयोग गरिएको प्रति हामी खेद प्रकट गर्न चाहान्छौं । निर्माण व्यवसाय क्षेत्र उद्योगकै रुपमा अगाडि बढिरहेको अवस्थामा विकास निर्माणको कार्यमा अबरोध गरी निर्माण व्यवसायीको मनोबल गिराउने गरी प्रयोग गरिएको यस्ता शब्दले जनप्रतिनिधिले हामीप्रति गर्ने व्यवहार प्रष्ट भएको देखिन्छ । अन्तमा, स्थानीय जनप्रतिनिधि र निर्माण व्यवसायी बिच तत्काल आवश्यक छलफल गराई कानुन अनुसार दोषिलाई कारवाही गरी सहजरुपमा काम गर्ने वातावरण बनाईदिनुहुन यस संघ जोडदार माग गर्दछौं ।

राजेन्द्र प्रसाद चौलागाईं
महासचिव
**निर्माण व्यवसायी संघ, मकवानपुर**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना